सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्य मान्यता

# प्रकृति, प्रदेश र सम्पदा



तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

यस मोडुलमा स्रोतसामग्रीको परिचय, महत्त्व र स्रोतसामग्रीको समानुपातिक वितरण सम्बन्धमा चर्चा गरिएको छ । यसका साथै प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक पक्षहरुको खोजी, शासकीय संरचनाको विवेचना र प्रादेशिक तहमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तित्वहरु र उनीहरुको योगदानको उल्लेख गरिएको छ । यसका साथै विभिन्न सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको पहिचान, महत्त्व र संरक्षणका उपायहरुलाई समेत यस सिकाइ सामग्रीले स्थान दिएको छ ।

## सक्षमता

» परिवेश विश्लेषण गरी प्रादेशिक तहको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको प्रस्तुति र उपयोग

» ऐतिहासिक महत्वका प्रादेशिक सम्पदा एवम् संस्कृतिको संरक्षण र संवद्धनका सथै राष्ट्रिय विभुति र धटनाहरूले राष्ट्र निर्माणमा पुर्‍याएका योगदानको विवेचना ।

## सिकाइ उपलब्धि

» स्रोत नक्सामार्फत प्राकृतिक स्रोतसाधनको समानुपातिक वितरण व्यवस्थापनका उपाए उल्लेख गर्ने ।

» प्रदेशिक स्तरको भौगोलिक , आर्थिक सामाजिक अवस्था र उपलब्ध स्रोत साधन समेत उल्लेख गर्ने ।

» प्रदेशिक तहको शाशकीय संरचना, कार्य प्रणाली र संबिधानले प्रदान गरेका अधिकार र सेवा उल्लेख गर्ने ।

» प्रदेशिक तहमा उल्लेखनीय योगदान पुर्‍याएका ऐतिहासिक व्यक्तित्व र धटनाहरूको विवेचना गर्ने ।

## पाठहरू

यस मोडुल अन्तर्गत सिकाइका निम्नानुसारका पाठहरु हुने छन् :

पाठ १ : प्राकृतिक स्रोतसाधन

पाठ २ : हाम्रा प्रदेशहरु

पाठ ३ : प्रदेशको संरचना र कार्यहरु

पाठ ४ : हाम्रा ऐतिहासिक सम्पदा

पाठ ५ : हाम्रा सांस्कृतिक सम्पदा

पाठ ६ : ऐतिहासिक प्रेरणादायी व्यक्तित्व

# पूर्व सिकाई परिक्षण

## सही शब्दको छनोट गरौँ, आफ्नो ज्ञान आफैँ जाँचौँ :

क) हावा प्रकृतिमा पाइने ..................... स्रोत हो ? (नवीकरणीय/अनवीकरणीय)

ख) अनवीकरणीय स्रोत ..................... होइन ? ( पानी, खनिज)

ग) योगमाया न्यौपानेको जन्म .....................मा भएको थियो । (काठमाडौँ/भोजपुर)

घ) भिमदत्त पन्त .....................का अगुवा थिए । (किसान आन्दोलन/मजदुर आन्दोलन)

ङ) जुम्ला ..................... लागि प्रसिद्ध छ ? (नासपाती/स्याउ )

च) मन्दिर, दरबार आदि .....................सम्पदा हुन् ? (मूर्त/अमूर्त)

छ) वन जङ्गल , नदी ..................... सम्पदा हुन् ? (प्राकृतिक/सांस्कृतिक)

ज) विद्यापति ..................... भाषाका आदिकवि हुन् । (मैथिली, बज्जिका)

झ) मधेश प्रदेशको राजधानी ..................... हो । (वीरगञ्ज, जनकपुर)

ञ) नेपालको सबैभन्दा ठुलो प्रदेश ..................... हो । ( कोसी, कर्णाली)

## ठीक भए ठिक र बेठीक भए बेठिक लेखौँ :

१) खनिज नवीकरणीय स्रोतसाधन हो । ☐

२) जैविक स्रोतसाधन को मुख्यस्रोत जीवहरु हुन् । ☐

३) तराई र उपत्याकामा उब्जाउ माटो कमै पाइन्छ । ☐

४) भीमदत्त पन्तको जन्म बैतडी जिल्लामा भएको थियो । ☐

५) नेपालको पूर्वमा कर्णाली प्रदेश पर्दछ । ☐

६) वाग्मती प्रदेशको राजधानी हेटौँडा हो । ☐

७) कर्णाली प्रदेश जडीबुटीमा धनी छ ।

८) गण्डकी प्रदेशको राजधानी गोरखा हो ।

९) हरेक वर्ष असोज ३ गते संविधान दिवस मनाइन्छ ।

१०) प्रदेश विश्वविद्यालयको सञ्चालन गर्ने अधिकार प्रदेशलाई छ ।


यहाँले कस्तो गर्नु भयो ? यदि तपाईंको उत्तर सबै मिलेको छ भने धेरै धेरै बधाई तथा धन्यवाद । यस मोडुलमा तपाईंले केही नयाँ कुरा पनि सिक्न सक्नुहुने छ ।


यदि तपाईंको उत्तर आधा वा केही मात्र मिल्यो भने पनि चिन्ता नगर्नुहोस्, यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसले तपाईंलाई आफ्नो दैनिक जीवन र समाजका महत्त्वपूर्ण कुराहरूको बोध गर्न मद्दत गर्नेछ । यदि तपाईंले यो मोडुल राम्रोसँग अध्ययन गर्नु भयो भने, अगाडिका प्रश्नहरूको उत्तरहरू र त्यसभन्दा पनि धेरै विषयमा जानकारी प्राप्त गर्नुहुने छ । के तपाईं तयार हुनुहुन्छ ? नयाँ पाठ सुरु गरौं है त ? धन्यवाद ।

# पाठ १ प्राकृतिक स्रोतसाधन




## अन्तरक्रियात्मक क्रियाकलाप





वातावरण दिवसको उपलक्ष्यमा समुदायमा स्थानीय क्लबले वृक्षारोपण कार्यक्रमको आयोजना गरेको थियो । वृक्षारोपण कार्यक्रममा वातावरणविद् सन्तोषी राना पनि आउनुभएको थियो । उहाँले सुरुमा आफ्ना केही विचारहरू राखिसकेपछि सहभागीहरूका बिचमा अन्तर्क्रियासमेत गराउनुभएको थियो ।

स्थानीय वन उपभोक्ता समितिका अध्यक्षले सुरूमा प्रकृतिमा रहेका विभिन्न स्रोतसाधनलाई प्राकृतिक स्रोतसाधन भनिन्छ र ती प्राकृतिक स्रोतसाधनको पहिचान र महत्त्व बोध हुने गरी हामीले स्रोत नक्सा तयार पारेको सन्दर्भ उल्लेख गर्नुभयो । यिनै नक्साका आधारमा हामी धेरै कुराहरु पहिचान गर्न सक्छौँ भन्दै स्रोत नक्सा अध्ययन गर्न लगाउनुभयो र त्यसका आधारमा छलफल अगाडि बढाउनुभयो ।



चित्रमा विभिन्न स्रोतसाधको नक्साङ्कन गरिएको छ । चित्रमा भूमि, वन, पोखरी, सडक आदि प्राकृतिक र मानव निर्मित स्रोतसाधनलाई देखाइएको छ । स्रोतसाधन कुनै नवीकरणीय हुन्छ भने कुनै अनवीकरणीय हुन्छ । पानी, सौर्य ऊर्जा, हावा, बायोग्याँस आदि नवीकरणीय स्रोतसाधन हुन् भने ग्याँस, वन जङ्गल, खनिज आदि अनवीकरणीय स्रोत साधन हुन् ।

यति भन्दै उहाँले नवीकरणीय स्रोत र अनवीकरणीय स्रोतका सम्बन्धमा आफ्ना धारणा राख्नुहुन वातावरणविज्ञलाई अनुरोधसमेत गर्नुभयो ।

**वातावरणविद् :** प्रकृतिमा स्थायीरूपमा उपलब्ध हुने नवीकरणीय योग्य प्राकृतिक स्रोतहरू नवीकरणीय स्रोतहरू हुन् । यस्ता स्रोतहरू व्यापकरूपमा प्रयोग हुन्छन् । जस्तै पानी, सौर्य ऊर्जा, काठ, बायोमास, हावा र माटो आदि।

**समिरजङ्ग :** हजुरले भनेका यी स्रोतहरू मध्ये धेरैजसो पानी, हावा र सूर्यको प्रकाश सजिलै नवीकरण गर्न योग्य छन्, केही प्राकृतिक स्रोतहरू जस्तै काठ र माटो नवीकरण गर्न समय लाग्छ । यी स्रोतबाट हामीले सौर्य ऊर्जा, जलविद्युत, वायु ऊर्जा आदि प्राप्त गर्न सक्छौं । के नवीकरणीय ऊर्जा पनि जैविक र अवैजिक हुन्छन् ?

**वातावरणविद् :** राम्रो प्रश्न सोध्नुभयो । वास्तममा नवीकरणीय स्रोतहरूलाई जैविक र अजैविक स्रोतमा वर्गीकरण गर्न सकिन्छ ।

जब नवीकरणीय स्रोतहरू जनाबरहरू र बोटहरूबाट लिइन्छन्, तिनीहरूलाई जैविक नवीकरणीय स्रोतहरू भनिन्छ । नवीकरणीय स्रोतहरू गैर-जीवित चिजहरूबाट प्राप्त गरिन्छन् भने तिनीहरूलाई अजैविक नवीकरणीय स्रोतहरू भनिन्छ ।

**दीपिका :** अनविकरणिय स्रोत सम्वन्धमा पनि स्पष्ट पारिदिनुहुन्छ कि ?

**वातावरणविद् :** अनवीकरणीय स्रोतहरूलाई नवीकरण गर्न सकिँदैन वा पुनः प्रयोग गर्न सकिँदैन किनभने तिनीहरूलाई सिर्जना गर्न धेरै लामो समय लाग्छ । पर्याप्त मात्रामा पुनः प्रयोग र पुनरुत्पादन गर्न नसकिने स्रोतका रूपमा यस्ता स्रोतलाई लिइन्छ ।

**दीपिका :** के यस्ता स्रोतहरू पृथ्वीमा सीमित मात्रामा रहेका हुन्छन् ?

**वातावरणविद् :** हो नि, अनवीकरणीय स्रोतसाधनहरू प्रकृतिमा सीमित रूपमा रहेका हुन्छन् । कुनै निश्चित क्षेत्रमा मात्र यस्ता स्रोत साधनहरू उपलब्ध हुन्छन् । कोइला, तेल, खनिज र प्राकृतिक ग्याँस जस्ता अनवीकरणीय प्राकृतिक स्रोतहरूको निश्चित ठाउँ वा क्षेत्रमा मात्र उपलब्धता हुन्छ । यिनिहरू सीमित रूपमा रहने हुँदा यिनीहरूको प्रयोगमा मितव्ययिता अपनाउनुपर्दछ । स्वाभाविक रूपमा कुनै मानवीय हस्तक्षेप बिना, अनवीकरणीय प्राकृतिक स्रोतहरू तयार हुन हजारौं वर्ष लाग्छ ।

**मनोज :** जीवाश्म इन्धनलाई पनि अनवीकरणीय प्राकृतिक स्रोतको रूपमा लिइन्छ होइन र ?

**वातावरणविद् :** हो नि , अनवीकरणीय प्राकृतिक स्रोतहरूलाई जनाबरहरूबाट उत्पन्न, जैविक प्राकृतिक स्रोत वा संसाधन मानिन्छ । यसको एक उदाहरण तपाईंले भने जस्तै जीवाश्म इन्धन पनि हो त्यस्तै कोइला, तेल, प्राकृतिक ग्याँस, खनिज, धातुहरू, आणविक इन्धन आदिलाई अनवीकरणीय स्रोतसाधनको रूपमा लिन सकिन्छ ।

अन्तिममा म यिनीहरुको प्रयोगमा सन्तुलन कायम राख्नुपर्छ, ता कि यसको निरन्तर उपयोग र भावी पुस्ताका लागि हस्तान्तरण सम्भव हुन्छ भन्दै यहाँहरुको थप जिज्ञासा भए राख्न अनुरोध गर्दछु । केही जिज्ञासा नभए आजको छलफललाई यहीँ टुङ्ग्याउन चाहन्छु ।

### प्रश्नहरू

क) प्राकृतिक स्रोतसाधन भनेको के हो ?

.....................................................................................................................................

ख) प्राकृतिक स्रोतसाधनको आवश्यकता किन पर्दछ ?

.....................................................................................................................................

ग) नवीकरणीय स्रोतसाधनमा कुन कुन स्रोतसाधन पर्दछन् ?

.....................................................................................................................................

घ) अनवीकरणीय स्रोतसाधनमा कुन कुन स्रोतसाधन पर्दछन् ?

.....................................................................................................................................



## समुह क्रियाकलाप

कुन स्रोतसाधन नवीकरणीय र अनवीकरणीय हुन् पहिचान गर्नुहोस् र तालिकामा भर्नुहोस् । वनजंगलको चित्र, ग्याँस सिलिण्डरको चित्र, नदिको चित्र, सुर्यको किरणको चित्र, फलाम खानीको चित्र ,मार्वलको चित्र, ढुंगा खानीको चित्र, हावा चलिरहेको चित्र, नदिको चित्र

| नवीकरणीय स्रोतसाधन | अनवीकरणीय स्रोतसाधन |
|---|---|
| | |
| | |

## सिकाइ क्रियाकलाप

**केही नवीकरणीय र अनवीकरणीय स्रोतसाधनको अध्ययन गरौँ र सोधिएका प्रश्नहरूको उत्तर खोजौँ ।**

### नवीकरणिय श्रोतसाधन




**भूमि** : यद्यपि भूमि मानिसका लागि भोजन उत्पादन गर्न र उद्योगका निमित्त कच्चा पदार्थ आपूर्ति गर्ने एक महत्वपूर्ण साधन हो, तापनि नेपालमा उब्जाउ जमिन सीमित छ । हिमाल र पहाडका धेरैजसो भूमि कृषिका लागि उपयुक्त छैन । कृषिका लागि तराई र उपत्यकाहरुमा उब्जाउ माटो छ । त्यहाँ खाद्य फसल र नगदे बाली लगाइन्छ । तराईलाई अन्नको भण्डार मानिन्छ । यहाँबाट पहाडि प्रदेश र हिमाली प्रदेशका लागि खाद्यान्न आपूर्ति हुन्छ । हिमालका केही भूमि चरनका निमित्त प्रयोग हुन्छ । हिमाली क्षेत्रमा फलफूल र जडीबुटी पनि पाइन्छन् ।

**वन जङ्गल :** नेपालमा एउटा प्रसिद्ध उखान थियो " हरियो वन नेपालको धन" वन जङ्गल महत्वपूर्ण स्रोत साधन हो । यहाँबाट खाना पकाउन दाउरा, घरेलु पशुहरुका लागि स्याउला र घाँस प्राप्त हुन्छ । उद्योग र कलकारखानाका लागि कच्चा पदार्थ प्राप्त हुन्छ । जङ्गलमा धेरै प्रकारका जडीबुटीहरु पाइन्छन् जुन औषधी बनाउन प्रयोग हुन्छ । जङ्गलले भूक्षय र बाढीपहिरोलाई रोक्छ । यसबाट के प्रस्ट हुन्छ भने प्राकृतिक साधनका रुपमा वन जङ्गलको ठुलो महत्व रहेको छ । यसको संरक्षण र संवर्धन गर्न सकिएन भने भावी पुस्ताले जङ्गलबाट लिनुपर्ने लाभ लिन सक्दैनन् । स्रोतसाधनको न्यायपूर्ण वितरण हुँदैन ।





**बायोमास** : बायोमास नवीकरणीय ऊर्जाको एक प्रकार हो । यो ऊर्जाका रुपमा प्रयोग गरिने जैविक पदार्थको एकाइ हो । यो जनाबर र बिरूवाबाट प्राप्त हुन्छ । त्यसकारण यसलाई पनि महत्त्वपूर्ण स्रोतसाधनको रुपमा लिने गरिन्छ ।

**सूर्य प्रकाश** : सूर्यबाट निस्कने प्रकाशले उज्यालोको साथै सौर्य ऊर्जा उत्पादन गरिन्छ । यस्तो ऊर्जा विद्युत् उत्पादनका क्षेत्रमा उपयोग गर्न सकिन्छ ।

**हावा** : - हावा, वायु ऊर्जा उत्पादन गर्न प्रयोग गरिन्छ । यो विभिन्न उद्देश्यहरुका लागि प्रयोग गरिन्छ जस्तै अनाज पिस्न र पानीलाई पम्पिङ गर्न

**नदी ताल, तलैया -** नदी ताल तलैयाको पानीलाई ऊर्जाको रुपमा प्रयो गर्न सकिन्छ । जलको प्रयोग भोजन पकाउन, नुहाउन, धुवाउन र बालीनाली सिँचाइ गर्नका लागि गर्दछौं । माछापालन व्यवसाय सञ्चालन गर्न पनि यसलाई उपयोग गरिन्छ । यातायातका लागि पनि पानीको प्रयोग गर्न सकिन्छ । जल यातायात सस्तो हुन्छ । पानी जलविद्युत् ऊर्जा उत्पादन गर्न प्रयोग गरिन्छ तथा सफा र पकाउने जस्ता धेरै उद्देश्यका लागि यो प्राकृतिक स्रोतको उपयोग गरिन्छ । त्यसैले यस साधनको महत्त्व ठूलो छ ।





**अनवीकरणीय स्रोतसाधन**

अनवीकरणीय स्रोतसाधनलाई नवीकरण गर्न सकिँदैन वा पुनः प्रयोग गर्न सकिँदैन किनभने तिनीहरुलाई सिर्जना गर्न धेरै लामो समय लाग्छ । पर्याप्त मात्रामा पुनः प्रयोग र पुनरूत्पादन गर्न नसकिने स्रोतहरुको रुपमा यस्ता स्रोतलाई लिइन्छ ।

यस्ता स्रोतहरु पृथ्वीमा सीमित मात्रामा रहेका हुन्छन् । कोइला, तेल, खनिज र प्राकृतिक ग्याँस अनवीकरणीय प्राकृतिक स्रोतहरुको उदाहरण हुन् । स्वाभाविक रुपमा कुनै मानवीय हस्तक्षेप बिना, अनवीकरणीय प्राकृतिक स्रोतहरु तयार हुन हजारौं वर्ष लाग्छ । अनवीकरणीय प्राकृतिक स्रोतलाई जनाबरहरुबाट उत्पन्न, जैविक प्राकृतिक स्रोत वा संसाधन मानिन्छ । यसको एक उदाहरणका रुपमा जीवाश्म इन्धनलाई लिन सकिन्छ । जीवाश्म इन्धन जस्तै कोइला, तेल, प्राकृतिक ग्याँस, खनिज, धातुहरु, आणविक इन्धन यिनीहरुको प्रयोगमा सन्तुलन कायम राख्नुपर्छ, ता कि यसको निरन्तर उपयोग र भावीपुस्ताको लागि हस्तान्तरण सम्भव होस् ।

**केही अनवीकरणीय श्रोतहरूलाई निम्नानुसार चर्चा गरिन्छ ।**




**खनिजहरू :** हामी दैनिक जीवनमा विभिन्न प्रकारका खनिजहरु प्रयोग गर्छौं । फलाम र तामा जस्ता खनिज विभिन्न भाँडा र सामग्री बनाउन उपयोग गरिन्छ भने सुन र चाँदी जस्ता खनिजहरु गरगहना बनाउन तथा विभिन्न विलासिताका वस्तु वनाउन प्रयोग गरिन्छ । घरमा रहेका विभिन्न सामानहरु फलाम र तामाबाट बनेका हुन्छन् । नेपालमा फलाम, कोइला, सुन, चुनढुङ्गा, स्लेट, अभ्रक जस्ता अनेक प्रकारका खनिजहरु छन् । तर तिनीहरु खानीबाट ननिकालिएका र प्रयोग नभएका हुन् । खनिज पदार्थ खानीबाट निकाल्न सजिलो छैन, किनभने प्रशस्त पूँजी र दक्ष जनशक्तिको अभाव छ । खानीबाट प्राप्त सानो मात्राका खनिजहरु घरेलु उद्योगहरुमा प्रयोग हुन्छ । खनिजको चित्र राख्ने



**प्राकृतिक ग्याँस :** यी विद्युत् उत्पादन गर्न प्रयोग गरिन्छ । साथै भान्छामा तताउने कामका लागि पनि यसको प्रयोग हुन्छ ।

**कोइला :** यो एक प्राकृतिक स्रोत हो जुन बिजुली उत्पादनको उद्देश्यका लागि प्रयोग गरिन्छ ।



**मिल्दो शब्द छानी खाली ठाउँ भरौँ**

क) कोइला ........................ स्रोतसाधन हो । (नवीकरणीय, अनवीकरणीय)

ख) ........................ खनिज पदार्थ हो । (सुन, प्राकृतिक ग्याँस)

ग) सौर्य ऊर्जा ........................स्रोतसाधन हो । (नवीकरणीय, अनवीकरणीय)

घ) बायोमास ........................ र बिरूवाबाट प्राप्त हुन्छ । (जनाबर, पानी)

ङ) तराई र उपत्याकामा ........................ माटो पाइन्छ । (उब्जाउ, रूखो)

## सिर्जनात्मक क्रियाकलाप

### प्राकृतिक स्रोतसाधनको महत्त्व गित गाऔँ

प्राकृतिक स्रोत साधनमा हिमाल, नदी परे
यी साधनको सही उपयोग गर्नुपर्छ अरे
यी साधन प्रकृतिमा यत्रतत्र पाइने
खनिज, कोइला, ग्याँस हामीलाई कति चाहिने
हरियो वन , नेपालको धन, प्रचलित छ यहाँ उखान
यही वनले प्राकृतिक वातावरण स्वच्छ हुने
जनाबरको वासस्थान नि यही वन नै हुने
हावा, सूर्य प्रकाश, पनि श्रोतसाधन नामी
नि:शुल्क पाइने यी चिजलाई उपयोग गर्छौं हामी
स्रोतसाधन संरक्षण गर्नलाई,
जिम्माबार हौँ चेतना भर्नलाई ।



**प्राकृतिक स्रोतसाधनको महत्त्व**

प्राकृतिक स्रोतसाधन मानिसका लागि अत्यावश्यक स्रोतसाधन हुन् । यी स्रोतसाधनको उपयोगले मानिसले आफ्ना जीवनमा आइपर्ने धेरै आवश्यकताहरु पूरा गरिरहेका हुन्छन् । प्राकृतिक स्रोतसाधनको महत्त्व यस प्रकार रहेका छन् ।

क) पृथ्वीमा रहेका सबै प्राणीहरुलाई जीवन जीउनका लागि आवश्यक पर्दछ ।

ख) देशको विकास, समृद्धि र आर्थिक वृद्धिको लागि प्राकृतिक स्रोतसाधनको उपयोग जरूरी हुन्छ ।

ग) प्राकृतिक स्रोतसाधनलाई सौन्दर्यको प्रतीकका रुपमा समेत लिइन्छ ।

घ) प्राकृतिक स्रोतसाधनलाई हाम्रो दैनिक जीवन चलाउन सहज हुन्छ ।

ङ) हरिया बिरूवाहरुले सूर्यको प्रकाश, पानी र कार्बनडाइअक्साइड र मिनरलको सहायताले खाना बनाउँछन् ।

च) प्राकृतिक स्रोतसाधनबाट ऊर्जा उत्पादन हुन्छ । जस्तै सूर्यको प्रकाश, नदीको पानी, बहिरहेको हावा, कोइला आदिबाट विद्युत् उत्पादन हुन्छ ।

प्राकृतिक स्रोतसाधनको समानुपातिक वितरण र व्यवस्थापन

प्राकृतिक स्रोतसाधनको समानुपातिक वितरण भनेको प्राकृतिक स्रोतसाधनको पहुँच र उपयोगमा समाजका हरेक वर्ग, क्षेत्र र तहतप्काका मानिसहरुको समान अधिकार स्थापित हुनु हो । यस अवधारणाले स्रोतसाधनको वर्तमान र भावीपुस्ताद्वारा औचित्यमा आधारित भई उपयोग गर्ने सन्दर्भलाई जनाउँछ । साथै स्रोतसाधनको उपयोग दिगो विकासको अवधारणा अनुरुप गर्नुपर्छ भन्ने मान्यतालाई आत्मसात् गर्छ । दिगो विकासको यस मान्यताले स्रोतसाधनहरु समाजका सीमित व्यक्तिमा जम्मा हुने र समाजमा धनी र गरिब बिच हुने विभेदलाई रोक्छ । समाजका हरेक व्यक्तिको स्रोतसाधनमाथि आफ्नो हिस्सेदारी कायम हुन्छ ।

## स्रोतसाधनको न्यायोचित वितरण किन गर्नुपर्दछ ?

» स्रोतसाधनको आपूर्तिमा कठिनाइका कारण अभाव हुन नदिन,

» व्यक्तिको उपयोग गर्ने ढाँचामा परिवर्तन आउने भएकोले,

» केही व्यक्तिहरूले धेरै स्रोतसाधन उपयोग गर्ने भएकाले,

» दिगो विकासको लागि,

» स्रोतसाधनको संरक्षण र प्रवर्धनका लागि,

» स्रोतसाधनमा निर्भर सबै व्यक्तिको जीवननिर्वाहमा सहयोग गर्न,

» वातावरणिय सन्तुलन कायम राख्न,



## सिकाइ क्रियाकलाप


**कुन प्राकृतिक स्रोतसाधन कहाँ पाइन्छ ?**

| | |
|---|---|
| चुनढुङ्गा | : भैंसे, फलाम, ठोसे |
| कोइला | : लब्धीखोला |
| जस्तापाता | : गणेश हिमाल |
| चिया | : इलाम र झापा |
| कफी | : गुल्मी |
| स्याउ | : जुम्ला, मुस्ताङ |
| अम्बा | : धुनीबेसी |
| माटाका भाँडा | : भक्तपुर |

| | |
|---|---|
| तोरी | : चितवन |
| राडिपाखी | : ओखलढुङ्गा |
| सुन्तला | : धनकुटा , पोखरा, गोरखा, दैलेख |
| गैडा, हात्ती, बाघ | : चितवन |
| रेडपन्डा | : लाङटाङ राष्टिय निकुञ्ज, सगरमाथा रा.निकुञ्ज |

## स्रोतसाधनको समन्यायिक वितरणका उपायहरू

- स्रोतसाधनको उपलब्धता र लाभ सम्बन्धी सूचनाको पहुँचमा समान अवसर प्रदान गर्नुपर्छ
- सबै सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनुपर्छ
- क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्छ ।
- स्रोतबाट प्राप्त लाभांशको समानुपातिक वितरण ढाँचा विकास र कार्यन्वयन गर्नुपर्दछ ।
- आधारभूत मानवअधिकारको सबैले सम्मान गर्नुपर्छ ।
- सबैले साझा रुपमा प्रयोग गर्ने (Non rival goods) स्रोतसाधनमा अनावश्यक प्रतिबन्ध लगाउनुहुँदैन ।
- वितरण प्रक्रिया पारदर्शी हुनुपर्छ ।






## अभ्यास क्रियाकलाप

**तल दिइएका विकल्प मध्ये सही विकल्पमा चिह्न लगाउनुहोस् ।**

१) रारा राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्छ ?

क) मुगु　　ख) रसुवा　　ग) म्याग्दी　　घ) डोल्पा

२) प्राकृतिक सम्पदा कति प्रकारका हुन्छन् ?

क) २　　ख) ३　　ग) ४　　घ) ६

३) तलका मध्ये कुन नवीकरणीय स्रोतसाधनको उदाहरण होइन ?

क) सौर्य ऊर्जा　　ख) नदी, ताल　　ग) जीवाश्म इन्धन　　घ) वन जङ्गल

४) प्राकृतिक सम्पदाको संरक्षण गर्ने उपाय कुन होइन ?

क) पर्यावरणको संरक्षण

ख) वन अतिक्रमणमा रोक

ग) जनचेतना

घ) सामाजिकीकरण

तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) प्राकृतिक स्रोतसाधनको उदाहरण दिनुहोस् ।

..........................................................................................................................................

ख) प्राकृतिक स्रोतसाधनको महत्त्व उल्लेख गर्नुहोस्

..........................................................................................................................................

..........................................................................................................................................

ग) प्राकृतिक स्रोतसाधनको न्यायोचित वितरण कसरी गर्न सकिन्छ ?

..........................................................................................................................................

..........................................................................................................................................



## सिकाइ क्रियाकलाप

नेपालको विद्यमान प्राकृतिक स्रोतमा हालको सङ्घीयताका आधारमा प्रदेश नं. २ मा कृषि उत्पादनको प्रचुरता र जलविद्युत्को अल्पता रहेको छ भने अन्य प्रदेशहरुमा उपलब्धता र सम्भाव्यता फरक रहे पनि प्राकृतिक स्रोत समान किसिमको रहेको पाइन्छ । प्रदेश नं १, ३, ४, ६ र ७ मा जलविद्युत् र जडीबुटीको प्रचुर सम्भावना रहेको छ । सबै प्रदेशहरुमा प्राकृतिक स्रोतको सम्भावना र चुनौती छन् ।

स्रोत साधनको बाँडफाँड विवादको जडसमेत हुने हुनाले यस विषयमा आग्रह-पूर्वाग्रहभन्दा पनि धैर्यपूर्वक र विवेक प्रयोग गरी निर्णय गरिनुपर्ने हुन्छ । विशेष गरेर जलस्रोतको उपयोग, वातावरण प्रदूषण, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा व्यापार जस्ता कुरामा सावधानी अपनाउन जरूरी हुन्छ ।

जलस्रोत नेपालको प्रमुख प्राकृतिक स्रोत हो । पिउन, सिँचाइ, ऊर्जा उत्पादन, पर्यटन आदिको लागि पानीको आवश्यकता रहन्छ । नेपालको पानीको जलाधार विभिन्न क्षेत्रमा फैलिएको छ र अधिकांश जलप्रवाह धेरै प्रदेश भएर बग्ने गर्दछन् ।

जलविद्युत् आयोजनाहरुको निर्माण कुनै एक प्रदेशमा भए पनि सम्पूर्ण राष्ट्रले यसबाट कसरी फाइदा लिने भन्नेबारेमा सबैको चासो हुनुपर्छ ।

एक प्रदेशमा हुने पानीको प्रयोगले अर्को प्रदेशमा पनि असर गर्न सक्ने हुनाले यसका लागि राष्ट्रिय नियमन निकायको आवश्यकता रहन्छ । गार्हस्थ उपयोग जस्ता आधारभूत आवश्यकताका प्रयोगको कार्यको जिम्मा प्रदेशमा रहने र राष्ट्रिय वितरण, जलप्रवाह बहावको अनुगमन, प्रदूषण अनुगमन र नियन्त्रणजस्ता कार्यहरु राष्ट्रिय दायित्वमा रहने गरिको व्यवस्था प्रभावकारी हुन्छ ।

खनिज पदार्थ पनि नेपालको महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । यो कुनै निश्चित भूभागमा रहेको हुन्छ । यस्तो भूभाग एक वा बढी प्रदेशको साझा हुने सम्भावना पनि रहन्छ । यो प्राकृतिक स्रोत पनि उपलब्ध हुने क्षेत्रको विशेष स्वामित्व भए पनि देशको साझा भएकाले यसको लाभ वितरण सबैलाई मान्य हुने र व्यावहारिक रूपमा हुनुपर्छ ।

वन साधारणतया सम्बन्धित प्रदेश र स्थानीय निकायको मातहतमा रहन्छ, तर राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र, दुर्लभ र विनाश हुने अवस्थाका वन्यजन्तु, वनस्पति र जडिबुटीहरुको संरक्षण संवर्द्धनको दायित्व सङ्घ, प्रदेश, स्थानीय निकाय, समुदाय र व्यक्तिहरु सबैको हुन्छ ।

धेरै प्रदेशका साझा स्वामित्वमा रहेका प्राकृतिक स्रोत विवादका कारणसमेत बन्ने गरेका छन् । यस अवस्थामा यस्ता प्राकृतिक स्रोतलाई राष्ट्रिय स्रोतका रुपमा लिएर अथवा प्रदेशहरुका बिचका समन्वय संयन्त्र खडा गरेर विकास गर्न सकिन्छ । विकास निर्माणका आयोजनाको प्रकार, फाइदा, असर र आयतनको समेत ध्यान राखेर दायित्व निर्धारण गरिनुपर्छ । यसमा केन्द्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

संविधानमा विभिन्न निकायहरुमा रहेको प्राकृतिक स्रोतको अधिकारका सन्दर्भमा पनि स्पष्ट रुपले उल्लेख भएको पाइँदैन । उदाहरणका लागि ठुला जलविद्युत् आयोजना केन्द्रको र साना तथा मझौला आयोजना प्रदेशको मातहतमा हुने भनिएको छ । यसले गर्दा योजनाको प्रकारको परिभाषामा विवाद उठ्ने सम्भावना छ । प्राकृतिक स्रोत कसको हो ? भन्नेभन्दा महत्त्वपूर्ण विषय यसको प्रयोग कसरी गऱ्यो भने राष्ट्रलाई उच्चतम फाइदा हुन्छ भन्ने हो । यसका लागि केन्द्रको ठुलो भूमिका रहन्छ ।

एकभन्दा बढी निकायको साझा पानी, खनिज, जैविक तेलहरुबारे राष्ट्रिय नीति तथा कानुनमा स्पष्टसँग स्वामित्व र अंश तोकिएको हुनुपर्छ । साधारणतया यो प्राकृतिक स्रोतबाट हुने आम्दानी केन्द्रले एकमुष्ट सङ्कलन गरेर पूर्व निर्धारित सूत्रअनुसार विभाजन गर्नुपर्छ ।

जल, जमिन, जङ्गल, कृषि पैदाबार, खनिज पदार्थ, ऊर्जाजस्ता प्राकृतिक स्रोतहरु अत्यधिक दोहन र प्रयोगले घट्दै गएका छन् । यसको उपभोग मात्र होइन, संरक्षण हुनु पनि त्यत्तिकै जरूरी छ ।



## खोज क्रियाकलाप

**कुन प्रदेशमा के कस्ता प्राकृतिक स्रोतसाधनको प्रचुरता रहेको छ ?**

| प्रदेशको नाम | प्राकृतिक स्रोत साधनको प्रचुरता | |
|---|---|---|
| प्रदेश नं १ | जलविद्युत् | जडीबुटी |
| मधेश प्रदेश | कृषि | वन जङ्गल |
| वाग्मती प्रदेश | जलविद्युत् | जडीबुटी |
| गण्डकी प्रदेश | जलविद्युत | जडीबुटी |
| लुम्बिनी प्रदेश | कृषि | मत्स्यपालन |
| कर्णाली प्रदेश | जलविद्युत | जडीबुटी |
| सुदुर पश्चिम प्रदेश | जलविद्युत | वन पैदाबार |

**समानुपातिक वितरणका उपायहरू**

- विद्युत्, खानी तथा खनिज वन, पर्वतारोहण तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीहरुको उपयोग तथा बाँडफाँडमा समता कायम गर्ने,
- प्राकृतिक स्रोत उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तहलाई प्रभावित भएको अनुपातमा समन्यायीक रुपमा प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको आधार तथा ढाँचा तयार गर्ने
- स्रोत बाँडफाँडका विषयमा हुने विवादको निराकरणका समन्वयात्म रुपमा कार्य गर्ने,
- प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने हिस्साको न्यायिक वितरण मापदण्ड तयार पार्ने,
- प्राकृतिक स्रोतको बाँडफाँड र उपयोग गर्दा वातावरणमैत्री उपायहरुको अवलम्बन,
- प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सो सम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने,



## अनुभवमा आधारित क्रियाकलाप

- प्रकृतिमा रहेका विभिन्न स्रोतसाधनलाई प्राकृतिक स्रोत साधन भनिन्छ ।
- प्राकृतिक स्रोतसाधन कतिपय नवीकरणीय हुन्छन् भने कतिपय स्रोतसाधन अनवीकरणीय हुन्छन् ।
- हावा, पानी, सौर्य ऊर्जा आदि प्रकृतिमा रहेका नवीकरणीय श्रोतसाधन हुन् भने प्राकृतिक ग्याँस, खनिज आदि नवीकरणीय स्रोतसाधन हुन् ।
- स्रोतसाधनको उपयोग गर्दा नवीकरण स्रोतसाधनको उपयोगलाई प्राथमिकता दिनुपर्दछ ।
- स्रोतसाधनको आपुर्तिमा कठिनाईको कारण अभाव हुन नदिन, केहि व्यक्तिहरूले धेरै स्रोतसाधन उपयोग गर्ने भएकाले, दिगो विकासका लागि पनि स्रोतसाधनको न्यायोचित वितरणलाई जोड दिनुपर्दछ ।
- स्रोतसाधनको उपलब्धता र लाभ सम्वन्धी सूचनाको पहुँचमा समान अवसर प्रदान गर्नुपर्छ एवम् सवै सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु स्रोतसाधनको न्यायोचित वितरणका उपायहरू हुन् । त्यस्तै सरोकारवालको क्षमता विकासका कार्यक्रम सञ्चालन र स्रोतबाट प्राप्त लाभांशको समानुपातिक वितरणले स्रोतसाधनको न्यायोचित वितरणमा मद्दत पुऱ्याउँछ ।

पाठ
२

# हाम्रा प्रदेशहरू



## अन्तरक्रियात्मक क्रियाकलाप

राजु मेहता आफ्नो मामा मनिषसँग विवाह पञ्चमीको दिन रामजानकी मन्दिर दर्शन र विवाह उत्सव हेर्न जनकपुर गएका थिए । आफ्नै प्रदेशमा पर्ने भए पनि यसअघि उनले यस मन्दिर र उत्सव सम्बन्धी अवलोकन गर्ने कुनै अवसर पाएका थिएनन् । राजुले मामासँग मधेस प्रदेशका बारेमा जानकारी लिँदै गर्दा अन्य प्रदेशको पनि धेरै जानकारी प्राप्त गरेका थिए ।

**राजु मेहता** : आज हामी रामजानकी विवाह पञ्चमीको रमाइलो पनि हेर्दै छौँ अनि हाम्रो प्रदेशको राजधानी पनि अवलोकन गर्ने छौँ । होइन त मामा ?

**मनिष** : हो नि भान्जाबाबु, जनकपुर मधेस प्रदेशको राजधानी हो । यो प्रदेश नेपालको मध्य तराईमा पर्छ ।. यो सबैभन्दा धेरै जनसङ्ख्या भएको प्रदेश हो । यस प्रदेशमा यादव, मुसलमान, तराई ब्राम्हण, तामाङ, दलित आदि जाति र समुदायका मानिसहरु बसोबास गर्छन् । यहाँका मानिसहरुको मुख्य पेसा कृषि हो । अहिले धेरै मानिसहरु व्यापार र सेवा क्षेत्रमा पनि क्रियाशील छन् । वैदेशिक रोजगारीमा जानेहरुको सङ्ख्या पनि धेरै छ ।

**राजु मेहता** : मामालाई त आफ्नो प्रदेश भएर होला धेरै जानकारी पो रहेछ त ?

**मनिष** : हो नि मलाई सबै प्रदेशको केही न केही जानकारी छ नि त ।

**राजु मेहता** : मलाई कोसी प्रदेशका बारेमा पनि केही बताउदिनुस न त ?

**मनिष** : कोसी प्रदेशलाई पहिला प्रदेश नं १ भनिन्थ्यो । यस प्रदेशको नामकरण सबैभन्दा पछि मात्र भएको हो । यो प्रदेश नेपालको पूर्वी भागमा पर्छ । यस प्रदेशमा राई, लिम्बू, ब्राम्हण, क्षेत्री, शेर्पा, मुस्लिम, थारू, राजवंशी आदि जाती र धर्मका मानिसहरुको बसोबास रहेको छ ,

**राजु मेहता** : मेरो एकजना साथी इलामको छ । त्यहाँ चिया, अलैँची, अम्रिसो राम्रो उत्पादन हुन्छ भन्दै थियो । यस प्रदेशमा हिमाल, पहाड, तराई तीन ओटै भौगोलिक क्षेत्रहरु पर्दछन् भनेर उसले मलाई बेला बेला भनिरहन्छ ।

**मनिष** : तिम्रो साथीले ठिकै भनेका रहेछन् । यो प्रदेशको राजधानी विराटनगर हो । यहाँ विराटनगर, इटहरी जस्ता सहरहरुमा औद्योगिक क्षेत्रहरु पनि छन् । यहाँका मानसिहरु कृषि, उद्योग , पर्यटन व्यवसायमा संलग्न छन् ।

**राजु मेहता** : मेरो सबैभन्दा मिल्ने साथी पर्वत पहिले कोरोनाको समयमा घर सिन्धुलीमाडी गएको पछि उतै पढ्न थाल्यो । उसको घर वाग्मती प्रदेशमा पर्छ भन्दै थियो । वाग्मती प्रदेशको राजधानी कहाँ हो र मामा ?

**मनिष** : वाग्मती प्रदेशको राजधानी हेटौँडा हो । यस प्रदेशमा नेपालको राजधानी काठमाडौँ समेत रहेको छ । यो प्रदेशमा हिमाल, पहाड र भित्री मधेसका जिल्लाहरु पर्दछन् । यहाँ ब्राम्हण, क्षेत्री, तामाङ, नेवार आदि जातिहरुको बसोबास छ । नेपालको राजधानी काठमाडौँ पनि यही प्रदेशमा पर्छ । यहाँका मानिसहरु पनि कृषि, उद्योग र सेवा क्षेत्रमा क्रियाशील छन् ।

**राजु मेहता** : अरु प्रदेशको बारेमा त मलाई केही पनि थाहा छैन ? मामा ।

**मनिष** : तिमी पोहोर विद्यालयबाट पोखरा घुम्न गएका थियौ नि हो त्यो शहर गण्डकी प्रदेशको राजधानी हो । यस प्रदेशमा गुरूङ, मगर, ब्राम्हण, क्षेत्री, थकाली आदि जातीका मानिसहरु बसोबास गर्छन् । यहाँ विभिन्न ताल तलैया, हिमालहरु रहेकाले धेरै पर्यटकीय क्षेत्रहरु रहेका छन् ।

**राजु मेहता** : पोहोर घुम्न जाँदा हामी फेवाताल, बेगनास ताल पनि घुमेका थियौँ । त्यो पनि पोखरामा पर्छ होइन र मामा ?

**मनिष** : हो नि भान्जाबाबुलाई याद रहेछ त । यो प्रदेशमा संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताल पनि पर्छ । मुक्तिनाथ, मनकामना मन्दिर पनि यसै प्रदेशमा पर्छ । यहाँ पर्यटन उद्योग राम्रोसँग फस्टाएको छ । कति मानिसहरु व्यापार व्यवसायमा संलग्न छन् भने केही मानिसहरु उद्योग कलकारखानामा काम गर्छन् भने केहिले जागिर खाने गरेका छन् ।

**राजु मेहता** : पोहोर हामी पोखराबाट लुम्बिनी पनि घुम्न गएका थियौँ नि , यो पनि गण्डकी प्रदेश मै पर्छ हो मामा ?

**मनिष** : होइन नि भान्जाबाबु, बुद्धको जन्मभूमि लुम्बिनी त लुम्बिनी प्रदेशमा नै पर्छ । यस प्रदेशमा १२ ओटा जिल्लाहरु छन् । यस प्रदेशमा हिमाल, पहाड, तराई तिनै भौगोलिक क्षेत्रहरु पर्दछन् । यस प्रदेशको राजधानी दाङको देउखुरीमा पर्छ । यहाँ ब्राम्हण, क्षेत्री, थारू, मुस्लिम, मगर आदि जाति र धर्मका समुदायका मानिसहरु बसोबास गर्छन् । यहाँका मानिसहरु कृषि, उद्योग, व्यापार आदि क्षेत्रमा संलग्न छन् ।

**राजु महतो** : बाँकी दुई ओटा प्रदेशका बारेमा हजुरबाट जानकारी पाउन पाइयो भने सबै प्रदेशका बारेमा जान्न पाइन्थ्यो, होइन र मामा ?

**मनिष** : भौगोलिक रुपमा नेपालको सबैभन्दा ठुलो प्रदेश कर्णाली प्रदेश हो । यस प्रदेशमा दश ओटा जिल्ला रहेका छन् । यस प्रदेशको राजधानी सुर्खेतको विरेन्द्रनगर हो । यहाँ रारा, फोक्सुन्डो, बुलबुले आदि ताल रहेका छन् । यहाँ जडीबुटीहरु प्रशस्त पाइन्छन् । काँक्रे विहार, चन्दननाथ आदि धार्मिक स्थलहरु पनि यहाँ रहेका छन् ।

**राजु महतो** : अब एउटा प्रदेश बाँकी रह्यो होइन त मामा ?

**मनिष** : हो नि, सुदुर पश्चिम प्रदेश नेपालको पश्चिममा पर्दछ । यस प्रदेशमा ९ ओटा जिल्ला रहेका छन् । यहाँ हिमाली, पहाडी र तराई क्षेत्र पर्दछ । यस प्रदेशको राजधानी कैलालीको गोदावरीमा रहने छ । यहाँ ब्राम्हण, क्षेत्री, ठकुरी, थारू आदि जातजातिका मानिसहरुको बसोबास छ । यहाँका अधिकांश मानिसहरु कृषि पेसामा संलग्न छन् । केही मानिसहरु कामका लागि भारत लगायत अन्य देशहरुमा काम गर्न जाने गर्छन् ।

**जोडा मिलाऔँ**

| (क) | (ख) |
|---|---|
| कोसी प्रदेश | जडिबुटी |
| मधेस प्रदेश | चिया उत्पादन बढी हुने प्रदेश |
| वाग्मती प्रदेश | तराई क्षेत्रमा थारूजातिको बाहुल्य रहेको |
| गण्डकी प्रदेश | नेवार जातिको बाक्लो बसोबास भएको क्षेत्र |
| लुम्बिनी प्रदेश | गुरूङ मगरहरुको बसोबास बढी भएको प्रदेश |
| कर्णाली प्रदेश | अन्न भण्डार |
| सुदुर पश्चिम प्रदेश | देउखुरी, दाङ |

## सिर्जनात्मक कार्य

नेपालको पूर्वी भागमा कोसी प्रदेश पर्छ ।
जिल्ला भने चौध ओटा , अनेक जाति थर छ ।
पाथीभरा ताप्लेजुङ, चिया इलाम झापा
शेर्पाहरु हिमाल चढ्न हुँदा रैछ मापा ।
विराटनगर राजधानी शहर, कल्लाई हुन्न घुम्नलाई रहर
मधेस प्रदेश अन्न भण्डार, पेसा थरी थरी
कोही कृषि, कोही व्यापार कोही गर्छन् नोकरी ।
रामजानकी , गढीमाई मधेसको सान






नेपालको विरगञ्ज नाका यहीँ पर्छ जान ।
जनकपुरलाई राजधानी बनाउँदा, मधेस प्यारो होली छठ मनाउँदा ।
गणेश जुगल गौरीशङ्कर वाग्मतीको शिर
स्वयम्भुनाथ, पशुपती आस्थाको मन्दिर
राजधानी छ हेटौंडामा, जिल्ला छन् है तेर
जनसङ्ख्यामा दोस्रो ठुलो प्रदेश रैछ हेर
सुनकोसीमा राफ्टिङ गरेर, जाउँला धादिङ त्रिशूली तरेर
मुक्तिनाथ, मनकामना पहिचान गण्डकीको

फेवाताल, तिलोचो नि यहीँको गौरव हो ।
पोखरा हो राजधानी, जिल्ला एघार छन्
काली, सेती मर्स्याङ्दीले बहलाउँछ मन ।
ढोरपाटन सिकार आरक्षण, प्रकृतिको गर्दै छ संरक्षण ।
लुम्बिनी यो बुद्धभूमि नेपालको हो सान
त्यही सानले प्रदेशको दियो पहिचान ।
देउखुरीमा राजधानी छ, जिल्ला १३ पर्छन्
कोही गर्छन् खेतीपाती, कोही व्यापार गर्छन् ।
स्वर्गद्वारी घुम्नलाई जानु है, नेपालगञ्जको रावडी खानु है ।
नेपालको ठुलो प्रदेश कर्णाली हो जान
रारा अनि फोक्सुन्डोले बढाका छन् सान ।
राजधानी छ सुर्खेतमा, जिल्ला रैछन् दश
चन्दननाथ प्रख्यात छ , सभ्यता चाहिँ खस ।
काक्रेविहार हेर्न जाउँ सुर्खेत, देउतीबज्यै दुल्लु छ प्रख्यात ।
सुदुर पश्चिम प्रदेश रैछ, पश्चिमको सान
नौ जिल्ला छ, विविध जाति, भिन्न पहिचान ।
चिसापानी कर्णाली पुल हेर्न लायक ठाउँ
सुदुर पश्चिम घुम्नलाई हामी पनि जाऊँ ।
गोदावरी सदरमुकाम हुने रे , देउडा नाचले सबको मन छुने रे





## अभ्यास क्रियाकलाप

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) कोसी प्रदेशलाई पहिले कुन नामले चिनिन्थ्यो ।

.......................................................................................................................

ख) विश्वको सर्वोच्च शिखर सगरमाथा कुन प्रदेशमा पर्छ ।

.......................................................................................................................

ग) प्रदेश दुईको राजधानी कहाँ छ ?

.......................................................................................................................

घ) वाग्मती प्रदेशका मानिसहरुको आर्थिक क्रियाकलाप के के हुन् ।

..........................................................................................................................................

घ) गण्डकी प्रदेशमा पर्ने मुख्य धार्मिक स्थलहरु कुन कुन हुन् ?

..........................................................................................................................................

ङ) स्वर्गद्वारी कुन प्रदेशमा पर्छ ?

..........................................................................................................................................

च) नेपालको सबैभन्दा ठुलो प्रदेश कुन हो ?

..........................................................................................................................................

छ) सुदुर पश्चिमका महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको नाम लेख्नुहोस् ।

..........................................................................................................................................

ज) तपाईंको आफ्नो प्रदेशमा पर्ने मुख्य मुख्य पर्यटकीय क्षेत्रहरुको नाम लेख्नुहोस् ।

..........................................................................................................................................



## परियोजना क्रियाकलाप


**विभिन्न प्रदेशको नक्सामा त्यहाँको राजधानी पता लगाउनुहोस् र सङ्केतले चिनाउनुहोस्**




वाग्मती प्रदेश





सुदुर पश्चिम प्रदेश



## खोज क्रियाकलाप

**कुन प्रदेशमा कुन कुन स्रोतसाधन पाइन्छ ? मनीषाले विभिन्न स्रोतसामग्री र इन्टरनेटबाट खोजी गरेर तलको तालिका निर्माण गरिन् । हामी पनि तालिका अध्ययन गरी थप सामग्रीहरू तालिकामा भरौँ है त ?**

| प्रदेशको नाम | प्राप्त वस्तु वा स्रोतसाधन | जिल्ला वा ठाउँ |
|---|---|---|
| **कोसी** | चिया | इलाम , झापा |
| | अलैँची | ताप्लेजुङ, पाँचथर, इलाम |
| | रूद्राक्ष | भोजपुर, सङ्खुवासभा |
| | धान | झापा, मोरङ |
| | सिमेन्ट | उदयपुर |
| **मधेस** | सुर्ती | सिराहा, धनुषा |
| | उखु | सर्लाही |
| | धान | बारा |
| | आँप | सिराहा, सप्तरी |
| | चार कोसे झाडी | प्रदेशको चुरे भावर क्षेत्र |
| | औद्योगिक उत्पादन | विरगञ्ज, पथलैया करिडोर |
| **वाग्मती** | माटाका भाँडा | भक्तपुर |
| | जुनार | सिन्धुली, रामेछाप |
| | खरीढुङ्गा | दोलखा |
| | मूला | चित्लाङ, ककनी |
| | नासपाती | फर्पिङ |
| | कुलेखानी | माछा |
| | स्लेट (छाउनी ढुङ्गा) | धादिङ |
| | फलाम | ठोसे |
| | मार्बल | फुल्चोकी |
| | चुनढुङ्गा | भैसे, मकवानपुर |
| | तोरी | चितवन |
| | रेडपन्डा | लाङटाङ राष्ट्रिय निकुञ्ज |
| | देवीघाट त्रिशुली जलविद्युत् आयोजना | नुवाकोट |
| **गण्डकी** | स्याउ | मनाङ, मुस्ताङ |
| | सुन्तला | पोखरा |
| | शालिग्राम | कालिगण्डकी |

| प्रदेशको नाम | प्राप्त वस्तु वा स्रोतसाधन | जिल्ला वा ठाउँ |
|---|---|---|
| **लुम्बिनी** | कफी | गुल्मी |
| | फलाम | नवलपरासी |
| | कोइला | दाङ |
| | बाघ | बाँके राष्ट्रिय निकुञ्ज |
| **कर्णाली** | यार्सागुम्बा | डोल्पा, हुम्ला |
| | मार्सी धान | जुम्ला |
| | कागुनो, उवा | मुगु |
| | स्याउ | जुम्ला, हुम्ला, डोल्पा |
| | साबर | दैलेख |
| **सुदुर पश्चिम प्रदेश** | दुधाधु गाई | अछाम |
| | कपास | कैलाली |

पाठ २

# प्रदेश संरचना र कार्य



## अन्तरक्रियात्मक क्रियाकलाप

विमला र विनय आज आफ्नो चौकुने गाउँपालिका कार्यालयमा भएको साक्षर पालिका घोषणा कार्यक्रममा सहभागी थिए । त्यहाँ कार्यक्रमको प्रमुख अतिथिका रुपमा प्रदेश सभा सदस्य आउनुभएको थियो । उहाँले कार्यक्रममा शिक्षाको महत्त्व र गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको प्रगतिको सम्बन्धमा बोल्नुभएको थियो । कार्यक्रम समापनपछि उहाँसित विमला र विनयले छलफल गर्ने अवसर पनि प्राप्त गरेका थिए । उनीहरु बिच भएको छलफलको एक झलक हामी पनि अध्ययन गरौँ ।

**विमला** : प्रदेश सभासद्ज्यू प्रदेश सभाको सम्बन्धमा केही जानकारी पाउन सकिन्छ कि ?

म कर्णाली प्रदेशको प्रदेश सभा सदस्य हुँ । प्रदेश सभालाई प्रदेश व्यवस्थापिका पनि भनिन्छ । प्रत्येक प्रदेशमा प्रदेश व्यवस्थापिका रहन्छ । प्रदेश व्यवस्थापिकाले प्रदेशको कानुन बनाउँछ । हाम्रो जिल्लाबाट प्रतिनिधिसभामा २ जना निर्वाचित हुन्छन् भने त्यसको दोब्बर सङ्ख्या ४ जना भने प्रदेश सभामा निर्वाचित हुन्छन् । जुन जिल्लामा जतिजना प्रतिनिधि सभा सदस्य निर्वाचित हुन्छन् त्यसको दोब्बर सङ्ख्या प्रदेशसभामा निर्वाचित हुन्छन् ।

**विमला** : प्रदेश सभामा निर्वाचित प्रदेश सभा सदस्य मात्र रहन्छन् हो र प्रदेश सभासद्ज्यू ?

**प्रदेश सभासद्** : होइन नि, प्रदेश सभामा प्रत्यक्ष निर्वाचित र समानुपातिक निर्वाचित गरी दुई प्रकारका सदस्य रहन्छन् । जस्तै कर्णाली प्रदेशको कुरा गरौँ न । यस प्रदेशमा संविधान सभामा जम्मा १२ जना सदस्य निर्वाचित हुन्छन् भने प्रदेशमा त्ससको दोब्बर सङ्ख्या २४ जना प्रत्यक्ष निर्वाचित सदस्य हुन्छन् । त्यसैगरी १६ जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्य हुन्छन् । ती दुवै निर्वाचन प्रणालीबाट गरी जम्मा ४० जना सदस्य प्रदेश सभामा निर्वाचित हुन्छन् ।

**विनय** : यो २४ र १६ सदस्य कसरी हुने भए त ?

**प्रदेश सभासद्** : प्रदेश सभामा जम्मा सदस्यसङ्ख्याको ६० प्रतिशत प्रत्यक्ष निर्वाचित सदस्य हुन्छन् भने ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सभासद् हुन्छन् । सबै प्रदेशमा यही नियम नै लागू हुन्छ । ल अब ४० जना सदस्यसङ्ख्याको ६० र ४० प्रतिशत कति कति हुन्छ ? हिसाब निकाल त ।

**विमला** : २४ र १६ हुने रहेछ ।

**प्रदेश सभासद्** : हो, नानी त बाठी पो रहिछन् । कति चाँडै हिसाब त गरिहालिन् ।

**विनय** : सबै प्रदेशमा सदस्यसङ्ख्या बराबर हुन्छन् कि फरक हुन्छन् ?

| प्रदेशको नाम | जम्मा सदस्य सङ्ख्या | प्रत्यक्ष निर्वाचित सदस्य | समानुपातिक निर्वाचनबाट निर्वाचित |
|---|---|---|---|
| कोसी प्रदेश | ९३ | ५६ | ३७ |
| मधेस प्रदेश | १०७ | ६४ | ४३ |
| वाग्मती प्रदेश | ११० | ६६ | ४४ |
| गण्डकी प्रदेश | ६० | ३६ | २४ |
| लुम्बिनी प्रदेश | ८७ | ५२ | ३५ |
| कर्णाली प्रदेश | ४० | २४ | १६ |
| सुदुर पश्चिम प्रदेश | ५३ | ३२ | २१ |
| जम्मा | ५५० | ३३० | २२० |

**प्रदेश सभासद्** : फरक फरक हुन्छन् । म तिमीहरुलाई एउटा चार्ट देखाउँछु । मेरो मोबाइलमा हेर त ।

**विमला** : सभासद्ज्यूले चार्ट देखाएर कति राम्ररी बुझाइदिनुभयो, हजुरलाई धन्यवाद । अनि हाम्रो प्रदेशको मुख्यमन्त्री त हाम्रो छिमेकी जिल्लाको हुनुहुन्छ ? उहाँ चाहिँ प्रदेशसभा सदस्य होइन र ?

**प्रदेश सभासद्** : उहाँ पनि प्रदेशसभा सदस्य भएका कारणले नै मुख्यमन्त्री निर्वाचित हुनुभएको हो ।

**विनय** : उहाँ चाहिँ कसरी निर्वाचित हुनुभयो त ?

**प्रदेश सभासद्** : प्रदेशसभामा बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्रीमा नियुक्त हुनुहुन्छ । उहाँ पनि बहुमत प्राप्त संसदीय दलको नेता भएको कारण मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो । उहाँलाई प्रदेश प्रमुखले नियुक्त गरेका हुन् । उहाँको अध्यक्षतामा प्रदेश मन्त्रिपरिषद् गठन हुन्छ । जसलाई प्रदेश कार्यपालिका पनि भनिन्छ । प्रदेश कार्यपालिका भनेको प्रदेश सरकार पनि हो ।

**विमला** : प्रदेश कार्यपालिकाको गठन कसरी हुन्छ ?

**प्रदेश सभासद्** : मुख्यमन्त्रीसहित प्रदेशसभाका कुल सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा बढी मन्त्रीहरु नहुने गरी प्रदेश कार्यपालिकाको गठन हुन्छ । प्रदेश कार्यपालिकामा मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री रहन्छन् ।

**विनय** : प्रदेशसभा र प्रदेश कार्यपालिकाका कार्यहरु के के हुन ?

**प्रदेश सभासद्** : प्रदेशसभाले प्रदेश कानुनको निर्माण गर्दछ । प्रदेश सरकार निर्माण गर्नु, प्रदेशसभामा जनताका सरोकारका विषयमा छलफल गर्नु, प्रदेश सरकारको कामको निगरानी गर्नु, प्रदेशसभाको कार्य हो । त्यस्तै प्रदेश सरकारले प्रदेश प्रहरी, प्रशासन सञ्चालन र शान्ति सुरक्षा कायम राख्छ । प्रदेश स्तरका सडक निर्माण, स्वास्थ्यसेवा, भूमि व्यवस्थापन, जग्गाको अभिलेख राख्ने काम गर्दछ । प्रदेश विश्वविद्यालय सञ्चालन र गुठी व्यवस्थापनको कार्य प्रदेश सरकारले गर्छ ।

**विमला** : हामीलाई प्रदेशसभा र प्रदेश कार्यपालिका सम्बन्धमा धेरै जानकारी दिनुभएकोमा हजुरलाई धन्यवाद ।



## खोज क्रियाकलाप

**विमला र विनयले सभासद्सँग छलफल गरेपछि विमलाको घरमा नेपालको संविधानमा थप खोजी गर्दा प्रदेशसभाको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहायको जानकारी प्राप्त गरे । उनीहरूले प्राप्त गरेको जानकारी हामी पनि अध्ययन गरौँ ।**

प्रदेशको कार्यकारिणी अधिकार प्रदेश मन्त्रिपरिषद्मा निहित हुन्छ । सङ्घीय शासन लागु भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्छन् । प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा प्रदेश मन्त्रिपरिषद्मा रहेको छ । प्रदेशको कार्यकारिणी कार्यहरु प्रदेश सरकारका नाममा हुने छन् ।

संविधानको अनुसूची ६ मा व्यवस्था भएको प्रदेशको एकल अधिकारको सूची

१) प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा

२) नेपाल राष्ट्र बैङ्कको नीतिअनुरुप वित्तीय संस्थाहरुको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग

३) रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन

४) घर जग्गा रजिस्ट्रेसन शुल्क, सबारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना

५) प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

६) प्रदेश तथ्याङ्क

७) प्रदेश स्तरको विद्युत्, सिचाइ र खानेपानी सेवा, परिवहन

८) प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय

९) स्वास्थ्यसेवा

१०) प्रदेशसभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी

११) प्रदेशभित्रको व्यापार

१२) प्रदेश लोकमार्ग

१३) प्रदेश अनुसन्धान ब्युरो

१४) प्रदेश सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय

१५) प्रदेश लोकसेवा आयोग

१६) भूमि व्यवस्थापन, जग्गाको अभिलेख

१७) खानी अन्वेषण र व्यवस्थापन

१८) भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग

१९) प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन

२०) कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात

**प्रश्नहरू**

क) प्रदेशको काम कर्तव्य र अधिकार संविधानको अनुसूची कतिमा उल्लेख गरिएको छ ?

..........................................................................................................................................

ख) प्रदेशले गर्ने काम कर्तव्य अधिकारहरुको सूची तयार पार्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

**संविधानको अनुसूची ७ मा व्यवस्था भएको सङ्घ र प्रदेशको साझा अधिकारको सूची**

१. फौजदारी तथा देबानी कार्यविधि र प्रमाण र शपथ (कानुनी मान्यता, सार्वजनिक कार्य र अभिलेख र न्यायिक प्रक्रिया)

२. आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन

३. देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था

४. एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण

५. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन

६. सम्पत्ति प्राप्ति, अधिग्रहण र अधिकारको सिर्जना

७. करार, सहकारी, साझेदारी र एजेन्सीसम्बन्धी

८. टाट पल्टेको र दामासाहीसम्बन्धी, औषधी र विषादि

९. योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापन

१०. सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य

११. कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेसा

१२. प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता

१३. सञ्चार माध्यमसम्बन्धी, उद्योग तथा खनिज र भौतिक पूर्वाधार, क्यासिनो, चिट्ठा

१४. प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभ

१५. पर्यटन, खानेपानी तथा सरसफाइ

१६. चलचित्र, सिनेमा हल, खेलकुद

१७. विमा व्यवसाय सञ्चालन र व्यवस्थापन

१८. गरिबी निवारण र औद्योगिकीकरण
१९. वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास, रोजगारी र बेरोजगार सहायता
२०. अन्तर्प्रादेशिक रुपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र, जल उपयोग, भूमि नीति र सोसम्बन्धी कानुन

**संविधानको अनुसूची ९ मा व्यवस्था भएको अधिकारको साझा सूची**

१. सहकारी, शिक्षा, खेलकुद र पत्रपत्रिका, स्वास्थ्य, कृषि
२. विद्युत्, खानेपानी, सिँचाइ जस्ता सेवाहरु
३. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क
४. वन जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता
५. खानी तथा खनिज
६. विपत् व्यवस्थापन
७. सामाजिक सुरक्षा र गरिबी निवारण
८. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क
९. पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय
१०. सुकुम्बासी व्यवस्थापन
११. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
१२. सबारी साधन अनुमति



## परियोजना क्रियाकलाप

**तल दिइएका अधिकार क्षेत्रहरू कुन कुन तहको अधिकार क्षेत्रमा पर्दछन् । पहिचान गरी तल दिइएको तालिकामा भर्नुहोस् ।**

प्रदेश प्रहरी प्रशासन र शान्ति सुव्यवस्था, सुकुम्बासी व्यवस्थापन, गरिबी निवारण, औद्योगिकरण, खानी अन्वेषण र व्यवस्थापन, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, घर जग्गा रजिस्ट्रेसन शुल्क, सबारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिबाना, प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता, एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण, प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा

| प्रदेशको कार्य | सङ्घ र प्रदेशको साझा काम कर्तव्य र अधिकार | सङ्घ , प्रदेश र स्थानीय तहको साझा काम, कर्तव्य र अधिकार |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |



## खोज क्रियाकलाप

**प्रदेश सभाको सदस्य हुन चाहिने योग्यता अध्ययन गरौँ र तल दिइएको प्रश्नको उत्तर दिऔँ ।**



## अभ्यास क्रियाकलाप

**ठिक बेठिक छुट्याउनुहोस् ।**

क) प्रदेशसभाको सदस्य हुन पैँतिस वर्ष उमेर पुगेको हुनुपर्दछ । ☐

ख) प्रदेशसभाको सदस्य हुन नेपाली नागरिक हुनुपर्दछ । ☐

ग) प्रदेशसभाको सदस्य हुन सम्बन्धित प्रदेशको मतदाता हुनुपर्दछ । ☐

घ) प्रदेशसभाको सदस्य हुन नैतिकपतन देखिने फौजदारी अभियोग लागे पनि फरक पर्दैन । ☐

ङ) प्रदेशसभा सदस्य हुन राजनितिक दलको सदस्य हुनुपर्दछ । ☐

## अनुभवमा आधारित क्रियाकलाप

» नेपालमा सात प्रदेश रहेका छन् ।

» नेपालको सबैभन्दा ठुलो प्रदेश कर्णाली प्रदेश हो भने सबैभन्दा धेरै जनसङ्ख्या भएको प्रदेश मधेस प्रदेश हो ।

» हरेक प्रदेशमा प्रदेश व्यवस्थापिका र प्रदेश कार्यपालिका हुन्छ ।

» हरेक प्रदेशमा एक जना मुख्यमन्त्री र आवश्यकताअनुसार अन्य मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री रहन्छन् ।

» प्रदेश व्यवस्थापिकालाई प्रदेशसभा पनि भनिन्छ ।

» प्रदेशसभाले प्रदेशका लागि आवश्यक कानुन बनाउने काम गर्छ ।

» प्रदेश कार्यपालिकालाई प्रदेश सरकार पनि भनिन्छ । प्रदेश सरकारले प्रदेशको शासन सञ्चालन गर्दछ ।

» प्रदेशका काम कर्तव्य र अधिकारहरु संविधानको अनुसूचीमा व्यवस्था गरिएका छन् । अनुसूची ६ मा प्रदेश सरकारका कार्य, अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार सूची र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको व्यवस्था छ ।

पाठ ४

# हाम्रा ऐतिहासिक सम्पदा

म संयोग गुरूङ हुँ । गतहप्ता मेरा साथीहरु तारापती, मनुजा र म समुदायका अन्य व्यक्तिहरुसहित सामुदायिक अध्ययन केन्द्रले लिगलिगकोट दरबार क्षेत्रमा आयोजना गरेको पिकनिकमा गएका थियौँ । पिकनिकको साथै ऐतिहासिक महत्त्व बोकेको लिगलिगकोट दरबार प्रत्यक्ष अवलोकन गरी सिक्न पाउँदा सबैको मुहारमा खुसी झल्किन्थ्यो । सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष र स्थानीय व्यक्तिहरुले हामीलाई सो दरबार सम्बन्धमा धेरै जानकारी दिनुभयो ।



हामीहरुले गोरखा लिगलिगको पुरानो दरबारको भग्नावशेष देख्यौँ । दरबारको संरचना भत्किएको धेरै वर्ष भइसकेको रहेछ । स्थानीय व्यक्तिहरुबाट हामीले सो कुराको जानकारी पायौँ । करिब २८ रोपनी क्षेत्रफलमा फैलिएको लिगलिगकोटको मूल दरबार मात्र होइन, दरबार परिसरभित्रका अधिकांश भौतिक, पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वका संरचना जीर्ण थिए । दरबार परिसरभित्रको मूल दरबारको पर्खालको थोरै जग मात्र भत्किन बाँकी रहेछ । त्यति पुरानो ऐतिहासिक महत्त्व बोकेको हाम्रो सम्पदाको हालत देखेर हामी दुःखित भयौँ ।

त्यसबाहेकका गढी, गढी सुरक्षाका लागि निर्माण गरिएका खाइ (सुरूङ), उपासे घरलगायत सबै संरचना पनि अवलोकन गऱ्यौँ । त्यसपछि हामी द्रव्य शाह राजमार्गको ठाँटी पोखरी-आँपपिपल सडकखण्डमा पर्ने बिजुली डाँडाबाट माथि गयौँ । करिब पाँच सय मिटर उकालो चढेपछि लिगलिगकोटको मूल गढीमा पुगियो । दरबार परिसरभित्र मूल दरबारदेखि करिब २ सय ५० मिटर दूरीमा रहेका गढीलाई मूल गढी, ठुलो गढी, मसिनो गढी, चारपाटे गढी, दर्खे गढी नामले चिनिने कुरा हामीसँग जानुभएका सामुदायिक अध्ययन केन्द्रका अध्यक्षले जानकारी दिनुभयो । लिगलिगकोटको मूल गढी भाइ भारदारहरुको बैठकका लागि प्रयोग हुने गरेको रहेछ । ठुलो गढी पश्चिमतर्फबाट हुनसक्ने शत्रुको आक्रमणबाट जोगाउने, पूर्व तथा उत्तरतर्फको सुरक्षा हेर्ने काम चारपाटे गढी, दक्षिण पश्चिमको सुरक्षा हेर्ने काम दर्खे गढीबाट हुने गर्दथ्यो भन्ने कुरा पनि जानकारी पाइयो । गढीको सुरक्षाका लागि दरबार परिसमा बनाइएका खाइ (खाडल) पनि पुरिएको अवस्थामा रहेको अवलोकनबाट थाहा भयो । आक्रमणका लागि शत्रु पस्ने प्रयास गरे खाइमा खसेर निस्कन नसकोस् भनेर निर्माण गरिएको भनेर स्थानीयले बताउनुभयो ।

लिगकोट दरबारभित्र ऐतिहासिक मात्र नभएर धार्मिक महत्त्व बोकेका मठमन्दिर पनि थुप्रै रहेछन् । घले राजाका पालामा स्थापित मठमन्दिरसँगै द्रव्य शाह राजा भएपछि पनि स्थापना गरिएका मठमन्दिरले

लिगलिगकोटको कलात्मकता झनै बढाइदिएको महसुस गऱ्यौँ । लिगलिगकोट दरबारको मध्य भागमा लिगलिग कालिका मन्दिर, पूर्वतर्फ भूमे मन्दिर, उत्तरतर्फ चण्डीथान, दक्षिणतर्फ भीमसेन थान, दर्खेदेवी र पश्चिमतर्फ शिव मन्दिरहरु पनि उत्कृष्ठ कलाका नमुना रहेछन् । ती मठमन्दिरहरुको अवस्था पनि जीर्ण रहेको संरक्षण अभियानका संयोजकबाट जानकारी पाइयो ।

त्यहाँ पर्खालजस्तो देखिने करिब पाँच सय वर्ष पुरानो ऐतिहासिक दरबार छ । पालुङटार नगरपालिका-२ स्थित आँपपिपलमा पर्ने लिगलिगकोट दौड जितेर राजा छान्ने परम्परा बोकेको ऐतिहासिकस्थल रहेको जानकारी पाइयो ।

वर्तमान नेपाल एकीकरणका अभियन्ता लमजुङका राजा यशोब्रह्मा शाहका कान्छा छोरा द्रव्य शाह विसं १६१५ मा दौड जितेर लिगलिगकोटको राजा बनेपछि त्यहीँबाट नै वर्तमान नेपाल एकीकरण प्रारम्भ भएको त्यहाँका स्थानीय व्यक्तिले बताउनुभयो ।

लिगलिगकोटमा दौडेर राजा हुने पुरानो परम्परालाई बचाइराख्न हरेक वर्ष लिगलिगे दौड प्रतियोगिता हुँदै आएको रहेछ । उक्त दौड प्रतियोगितामा विजयी हुने धावकलाई एक वर्षका लागि लिगलिगे राजा घोषणा गर्ने परम्परा अहिले पनि रहेको सुन्दा अनौठो लाग्यो । बाटामा आउँदाजाँदा विभिन्न प्राकृतिक सम्पदाले भने हाम्रो पिकनिकलाई रमाइलो बनाएको थियो । पिकनिक गर्ने ठाउँ नजिक विभिन्न हरियाली जङ्गल, पानीका धारा आदि हुँदा हामीलाई सजिलो पनि भयो । वन जङ्गल संरक्षण र वृक्षारोपण गरिएकाले वातावरण हराभरा र हरियाली भएको जानकारी स्थानीयबाट पाइयो ।

यति धेरै ऐतिहासिक महत्त्व बोकेका यस ठाउँमा विभिन्न संरचना, गढी, दरबारको जीर्ण अवस्था देखेर मन खिन्न भयो । स्थानीय तह र स्थानीय जनताले यसको संरक्षणमा चासो राख्दा यस्ता ऐतिहासिक सम्पदाको पुनर्निर्माण भई हाम्रा ऐतिहासिक वस्तुहरुको महत्त्व अझ बढ्ने महसुस गरियो । समुद्र सतहबाट करिब एक हजार १५० मिटर उचाइमा रहेको रमणीय त्यस ठाउँको भ्रमण गर्दा हामी धेरै खुसी भयौँ ।



## अभ्यास क्रियाकलाप

**प्रश्नहरू**

क) ऐतिहासिक सम्पदा भनेको के हो ?

.................................................................................................................................

ख) ऐतिहासिक वस्तुहरुको सूची तयार पार्नुहोस् ।

.................................................................................................................................

ग) ऐतिहासिक सम्पदाको महत्त्व उल्लेख गर्नुहोस् ।

.................................................................................................................................

घ) तल दिइएका ऐतिहासिक वस्तुहरुको पहिचान गरी तिनको महत्त्व उल्लेख गर्नुहोस् ।


..........................................................................................................................................











ङ) आफ्नो समुदायमा रहेका ऐतिहासिक सम्पदाहरुको पहिचान गरी टिपोट गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

..........................................................................................................................................

च) तपाईंको घरमा धेरै पुराना वस्तुहरु के के छन् ? अभिभावकसँग सोधखोज गरी सूची बनाउनुहोस् ।

..........................................................................................................................................

छ) ऐतिहासिक वस्तुहरुको संरक्षणमा स्थानीयको भूमिका महत्त्वपूर्ण हुन्छ । किन ?

..........................................................................................................................................

ज) ऐतिहासिक वस्तुको संरक्षण गर्ने उपायहरु लेख्नुहोस् ।

..........................................................................................................................................

झ) लिगलिगकोटमा रहेका ऐतिहासिक सम्पदाहरुको नाम लेख्नुहोस् ।

..........................................................................................................................................

## अनुभवमा आधारित क्रियाकलाप

- हाम्रा पूर्वजले विगतमा बनाएका ऐतिहासिक दरबार, गढी, मठमन्दिर, पाटीपौवा, स्मारक आदि ऐतिहासिक सम्पदा हुन् ।
- ऐतिहासिक सम्पदा हाम्रा पुर्खाका धरोधर हुन् , हाम्रा अमूल्य सम्पत्ति हुन् ।
- ऐतिहासिक सम्पदालाई बिगार्न, भत्काउन, नाश हुन दिनुहुँदैन् ।
- ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।
- ऐतिहासिक सम्पदाको सरसफाई, मर्मतसम्भार, जिर्णोद्धार गरी सम्पदा संरक्षण आजको आवश्यकता हो ।

# पाठ ५ हाम्रा सांस्कृतिक सम्पदा



## खोज क्रियाकलाप

**सम्पर्क कक्षामा सहभागीहरूलाई अर्को हप्ता आउँदा आफ्नो समुदायको सांस्कृतिक सम्पदाको खोजी गरी व्यक्तिगत रूपमा विवरण तयार पार्ने जिम्मेबारी दिइएको थियो । हामीहरू मध्ये राजन, सारा र शक्तिले तयार पारेका विवरण तल प्रस्तुत गरेका छौँ । ती विवरण अध्ययन गरौँ ।**



म राजन भुर्तेल हुँ । हाम्रो समुदायमा विगतमा धेरै नै ऐतिहासिक सम्पदाहरु रहेका कुरा हाम्रा अभिभावक र स्थानीय जानकार व्यक्ति र प्रत्यक्ष अवलोकनबाट थाहा पाइयो । हाम्रो गाउँमा १ सय वर्षअगाडि बनेको पण्डित पौवा अहिले पनि रहेको छ । पहिला पहिला बाटो हिड्ने बटुवाहरु त्यहाँ भारी बिसाउने र आराम गर्ने गर्थे । उनीहरु त्यस पौवामा बस्ने र खाना बनाएर खाने गर्थे । अहिलेको जस्तो होटल र गेष्ट हाउसको प्रबन्ध थिएन । अहिले गाउँमा नै होटल र गेष्ट हाउस खुलेका छन् । गाउँमा पानीको आवश्यकता गाउँकै बिचमा रहेको ढुङ्गे धाराबाट गरिने रहेछ । अहिले त्यो धारा भत्किई सकेको र त्यहाँ सामुदायिक भवन बनेको रहेछ । गाउँमा सार्वजनिक धाराहरु र घर घरमा समेत धाराको प्रबन्ध मिलाइएको छ ।

म सारा श्रेष्ठ, हाम्रो टोलमा पहिला पहिला मानिसहरु बसेर गफ गर्ने फल्चाहरु प्रशस्त थिए । सिँचाइका लागि राजकुलाको व्यवस्था थियो भन्ने जानकारी स्थानीय हजुरबुबा बिचारी प्रसादले हामीहरुलाई जानकारी दिनुभयो । अहिले राजकुलो र खेतहरुमा पक्की घरहरु बनेका छन् । टोलमा रहेको भुमे पोखरी सुकेको छ भने सो ठाउँ नजिकै बाल उद्यान बनाइएको छ । स्थानयीय तहको पहलमा पुराना पाटीपौवा, पोखरी र फल्चाहरुको मर्मत सम्हार हुन थालेको सुन्दा खुशी लागेको छ ।



मेरो नाम शक्ति रस्तेल हो । म हाम्रो समुदायमा रहेका सांस्कृतिक सम्पदा सम्बन्धमा तयार पारेको विवरण प्रस्तुत गर्न गइरहेको छु ।

हाम्रो गाउँमा पहिला पहिला कालिकुवाबाट पानी ल्याउने गरिन्थ्यो । अहिले गाउँमा सार्वजनिक धाराहरु बनेका छन् । पहिला पहिला गाग्री र गाग्रामा पानी ल्याउने गरिन्थ्यो । पानी ल्याएर गग्रेटामा राखिने गरिन्थ्यो । घ्याम्पामा पानी राख्ने गरिन्थ्यो । पहिले गाउँमा फुस र टायलका मात्र घरहरु थिए भने अहिले धेरै पक्की घरहरु बन्न थालेका छन् । गाउँमा अहिले जस्तो बिजुली बत्ती थिएन् । टुकी, लालटिनको प्रयोग गरिन्थ्यो ।



विवाह व्रतबन्ध जस्ता कार्यमा मइन्टोलको प्रयोग गरिन्थ्यो । पहिले गाउँमा मकै कोदो पिस्नका लागि जाँतो र धान कुट्न ढिकीको प्रयोग हुन्थ्यो । ठाउँ ठाउँमा घट्टहरु थिए । गाउँमा रोदीको प्रचलन पनि कम हुँदै गएको छ । हाम्रा परम्परागत पोसाकहरु चाडपर्वका बेलामात्र प्रयोग गरिने गरेका छन् । यी सांस्कृतिक सम्पदा लोप हुने अवस्थामा पुगेका छन् । हाम्रा सांस्कृतिक सम्पदाहरुको संरक्षण र पुस्तान्तरण गर्न आवश्यक छ ।

**प्रश्नहरू**

ख) तपाईंको समुदायमा रहेका सांस्कृतिक सम्पदाहरुको सूची तयार पार्नुहोस् ।

.................................................................................................................................................

ग) मइन्टोल के कामका लागि प्रयोग गरिन्थ्यो ?

.................................................................................................................................................

घ) कुवा र इनारको महत्त्व उल्लेख गर्नुहोस् ।

.................................................................................................................................................



## सिर्जनात्क सीप

**हाम्रा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।**

**गित गाऔं**

गाउँ हाम्रो गौरीडाँडा सुन्दर कति कति
वन, जङ्गल खोलानाला रमणीय अति ।
गाउँको बिचमा खेल्ने चउर, सुन्दर खेत गरा
प्राकृतिक सम्पदाले सधैं हराभरा

गाउँको माटो ढुङ्गा खानी रोजगारी द्या'छ
वातावरण संरक्षणमा सबको ध्यान गा'छ ।
सम्पदामा कहिलेकाहीँ समस्या नि पर्ने
कहिले बाढी, कहिले हुरी, कहिले पहिरो झर्ने ।
जङ्गलमा आगो लाग्दा जन्तु बिरूवा नाश
चेतनाले बढाउनु छ संरक्षणको आश ।
खोलाबाट गिटी बालुवा झिक्ने काम रोकौँ
बाढी विनाश कम गर्न तटबन्धले छेकौँ ।
जङ्गलमा आगलागी हुन दिनु हुन्न
यति कुरा गर्न सके विपत्तिले छुन्न ।



## अनुभवमा आधारित क्रियाकलाप

- सम्पदालाई प्राकृतिक र सांस्कृतिक सम्पदाका रुपमा वर्गीकरण गरिएको छ ।
- प्राकृतिक सम्पदाहरु प्रकृतिमा विद्यमान् वन जङ्गल, नदी, माटो, चट्टान, हावा, सौर्य ऊर्जा आदि हुन् ।
- सांस्कृतिक सम्पदा समाजमा विद्यमान् सामाजिक सांस्कृतिक प्रचलनले सिर्जना गरेका मूर्त र अमूर्त वस्तु हुन् ।
- सांस्कृतिक सम्पदामा मूर्त र अमूर्त सम्पदा पर्दछन् । मूर्त सम्पदामा धार्मिक स्थल, दरबार, गढी, पूजास्थल आदि देख्न सकिने वस्तुहरु पर्दछन् भने अमूर्त सम्पदामा पूजाविधि, संस्कार, लोकगीत, धुन, स्थानीय खेल, प्रविधि, सङ्गित, भजन, निर्माणका विधि र तरिका आदि पर्छन् ।
- आजभोलि हाम्रा सम्पदाहरुमा विभिन्न कारणले समस्याहरु आएका छन् । प्राकृतिक सम्पदाहरु विभिन्न कारणले नासिने, बिग्रने, नष्ट हुने ,हराउने आदि कार्यहरु भइरहेका छन् , यसमा मानवीय कारण बढी जिम्मेबार देखिएको छ । जङ्गलमा आगलागी गर्ने, खोरिया फाँड्ने, चरिचरन गर्ने, रूखहरु काट्ने कारणले वन जङ्गल विनाश भइरहेको छ । नदीमा फोहर फ्याँक्ने, नदीबाट बालुवा ढुङ्गाहरु निकाल्ने जस्ता कारणले नदीको पानी फोहर हुने, बाढी आउने, नदीछेउका बस्ती कटान हुने क्रम बढ्न थालेको छ । विकासका नाममा डोजर प्रयोग गरी सडक निर्माण गर्ने, पूर्वाधार तयार पार्ने मानवीय गतिविधिले पनि प्राकृतिक सम्पदाहरु खतरामा परेका छन ।
- बाली लगाउँदा बढी उत्पादन लिन रासायनिक मलको अत्यधिक प्रयोग गर्दा माटोको उर्वरा शक्ति ह्रास हुने, विषादीको प्रयोगले मानवीय स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुन्छ ।
- सांस्कृतिक सम्पदाहरु पनि आजभोलि अस्तित्वको खतरामा रहेका छन् । कतिपय अमूर्त सम्पदाहरु लोप हुने खतरामा छन् । विदेशी संस्कृति र संस्कारको आगमनले हाम्रा मौलिक संस्कारहरु हराउँदै गइरहेका छन् । मूर्त सम्पदाहरु पनि संरक्षणको अभाव, अतिक्रमणको चपेटा आदिमा परेका हुन सक्छन् । यस्ता सम्पदाहरुको मर्मत सम्भार गर्ने, अतिक्रमण हुन नदिन सचेत रहने, खबरदारी गर्ने गर्नुपर्छ । मर्मत गर्दा पनि मौलिकता नबिग्रने गरी गर्नुपर्दछ ।

# अभ्यास क्रियाकलाप

**१) प्रश्नहरू**

क) कवितामा कुन कुन प्राकृतिक सम्पदाको कुरा गरिएको छ ?

..............................................................................................................................................

ख) प्राकृतिक सम्पदालाई के कस्ता कुराले विनाश गराउँछन् ?

..............................................................................................................................................

ग) प्राकृतिक सम्पदाको संरक्षण गर्न के के गर्नुपर्छ ?

..............................................................................................................................................

घ) खोलाबाट गिटी बालुवा झिक्न रोकौँ भनेर किन भनिएको होला ?

..............................................................................................................................................

**२) प्राकृतिक सम्पदा संरक्षणको कुन तरिका ठिक छ र किन ?**











## अनुभवमा आधारित क्रियाकलाप

- सांस्कृतिक सम्पदा भनेको हाम्रा समाजमा विद्यमान् हाम्रा संस्कृतिसँग जोडिएका अमूल्य निधि हुन् । सांस्कृतिक सम्पदाहरु हाम्रा पहिचान र चिनारी हुन् । यिनीहरुले हाम्रा परम्परागत मूल्य मान्यता, संस्कार र संस्कृतिलाई बचाइराखेका छन् ।
- सांस्कृतिक सम्पदा मूर्त र अमूर्त गरी दुई प्रकारका हुन्छन् ।
- मूर्त सम्पदामा धार्मिक स्थल जस्तै : मठ मन्दिर, मस्जिद, गुम्बा आदि, दरबार, गढी, पाटीपौवा, ढुङ्गेधारा आदि पर्छन् ।
- अमूर्त सम्पदाहरु पूजाविधि, सङ्गीत, लोकगीत, उपचार पद्धति लगायत विभिन्न प्रक्रियागत विषयवस्तु पर्छन् ।
- हाम्रा कतिपय सांस्कृतिक सम्पदाहरु लोप हुने अवस्थामा छन् ती सम्पदाहरुको संरक्षण र सम्वर्धनमा हाम्रो चासो र सक्रियता रहनुपर्छ ।

पाठ ६

# प्रेरणादायी ऐतिहासिक व्यक्तित्वहरू

## खोजमूलक क्रियाकलाप

**स्रोतकक्षामा सहभागीहरूले अघिल्लो हप्ता दिइएको जिम्मेबारीअनुसार एक एक जना प्रेरणादायी ऐतिहासिक व्यक्तित्वको खोजी गरी विवरण प्रस्तुत गर्न भनिएको थियो । विकेसले कोसी प्रदेश, रक्षालाई सुदुरपश्चिम प्रदेश, रोहितले मधेस प्रदेशका ऐतिहासिक व्यक्तित्वको सम्बन्धमा तयार पारेको विवरण प्रस्तुत गरेका थिए । अन्य सहभागीले अन्य प्रदेशका व्यक्तित्वको विवरण तयार पारेका थिए । ती मध्ये विकेस, रक्षा र रोहितको प्रस्तुति अध्ययन गरौँ ।**

### क) समाजसेवी योगमाया

योगमाया न्यौपानेको जन्म भोजपुरको नेपालेडाँडामा वि.सं. १९२४ मा भएको थियो । तत्कालीन सामाजिक अन्धविश्वासका कारण उनको पारिवारिक जीवन सुखद भएन । उनी धार्मिक स्वभावकी थिइन् । उनले विभिन्न धार्मिक स्थलको तीर्थाटन गरिन् जसले उनमा आध्यात्मिक ज्ञान र चेतना वृद्धि गरायो । उनले तत्कालीन समाजमा हुने महिला विभेद र कुरीति विरूद्ध सङ्घर्ष गरेकी थिइन् । उनको कविता पुस्तक “सर्वार्थ योगवाणी” पनि प्रकाशन भएको थियो । उनको आध्यात्मिक प्रवचन र सामाजिक चेतना जागरणका कारण उनका असङ्ख्य भक्तहरु बने । आध्यात्मिक ध्यान, साधना, प्रवचन आदिका माध्यमबाट उनी तत्कालीन समाजमा विद्यमान् कुरीति, कुप्रथा र अन्धविश्वासलाई हटाउन चाहन्थिन् । उनी नारीहरुले भोग्नुपरेका पारिवारिक, सामाजिक र कानुनी पीडा, भेदभाव र अन्यायपूर्ण व्यवहारको अन्त्य गर्न चाहन्थिन् । समाजमा पुरूषबाट महिलामाथि हुने थिचोमिचो, हिंसा र उत्पीडनबाट महिलालाई मुक्त गर्न चाहन्थिन् । त्यसका लागि उनले अभियान चलाएकी थिइन् । उनले आफ्नो नेतृत्वमा वि.सं. १९७४ मा नारी समिति गठन गरेकी थिइन् । उनले जातीय भेदभावको सशक्त विरोध गरिन् । उनको ध्यान शिविरमा कुनै पनि जातजातिका मानिसका लागि बन्देज थिएन । सामाजिकरुपमा छुवाछुत प्रथा हट्नुपर्छ भन्ने उनको मान्यता थियो । उनका भक्तहरुमा अछुतहरु थिए । यस्ता साहसी कार्यबाट समाजका पुरातनवादी, रुढी परम्परावादीहरु योगमायाका विरोधी बने तर उनी आफ्नो उद्देश्यमा दृढ थिइन् । आफ्नो दृढ विचार र सङ्कल्पलाई त्यागिनन् ।



उनले राणा प्रधानमन्त्री जुद्धशम्शेरसमक्ष तत्कालीन समाज र देशको राजनीतिक, सामाजिक, आर्थिक अवस्थामा आमूल परिवर्तन गर्न जरूरी रहेका अनेक विषयहरुलाई लिपिबद्ध गरी मागपत्र पठाएकी थिइन् । महिला र पुरूष बिच हुने भेदभावपूर्ण परम्पराका विरूद्ध समतामूलक समाजको निर्माणका आधार हरुको निर्माण गरिनुपर्ने, छुवाछुत प्रथाको जरैदेखि उन्मूलन गरिनुपर्ने, सामन्ती

शोषण र भ्रष्टाचारबाट समाजलाई मुक्त गर्नपर्ने, बालविवाह रोक्नुपर्ने, जातीय भावनाको अन्त्य गरिनुपर्ने, गलत प्रथालाई हटाउनुपर्ने जस्ता कैयौँ माग समावेश गरी जुद्धशमशेरलाई निवेदन दिएकी थिइन् । उनका कुरालाई शासकले महत्त्व दिएनन् । तत्कालीन शासकहरुले उनको मागलाई बेवास्ता गरेपछि उनले अधर्म अन्त्यको कामना गर्दै ६८ जना अनुयायीसहित अरूण नदीमा वि.सं १९९८ असार २२ गते जल समाधि लिएकी थिइन् । उनको समाज सुधारको योगदानको कदरस्वरुप उनका नाममा २०७२ सालमा नेपाल सरकारले हुलाक टिकट प्रकाशित गरेको थियो । उनकै नामबाट योगमाया आयुर्वेद विश्वविद्यालय सञ्चालन हुँदै छ । तत्कालीन नेपाली समाजको आमूल परिवर्तनका लागि सशक्त आवाज उठाउने सङ्घर्ष, चेतना र जागरणकी प्रतीक योगमाया, एक शीर्ष सामाजिक अभियन्ता, समाजसेवी र क्रान्तिकारी नारीलाई हाम्रो पनि उच्च सम्मान छ ।


### ख) किसानका नेता भीमदत्त पन्त

कि त जोत हलो, कि त छोड थलो

यदि होइन भने हुने छैन भलो ।

यी भनाइहरु सुदुरपश्चिमका सशक्त राजनीतिकर्मी वा किसान आन्दोलनका अगुवा भिमदत्त पन्तको हो । भीमदत्त पन्तको जन्म वि.सं.१९८३ साल मङ्सिर १० गते सुदुरपश्चिम प्रदेशको डडेलधुरा जिल्लाको हाल अमरगढी नगरपालिकामा पर्ने घटाल कारीगाउँमा भएको थियो । उनको बाबुको नाम तारानाथ पन्त र आमाको नाम सरस्वती देवी थियो । उनले १५ वर्षको उमेरमा भारतबाट म्याट्रिक पास गरेका थिए । उनी भारतमा पढ्दा अङ्ग्रेज विरोधी आन्दोलनमा पनि संलग्न भएका थिए । आन्दोलन लागेबापत उनले २ वर्ष जति जेल जीवन पनि बिताउनु पऱ्यो ।

उनी नेपाल फर्किएर पछि नेपाली काङ्ग्रेस पार्टीमा संलग्न भई नेपालको निरंकुश राणा शासन हटाउन सक्रिय रहे । तर २००७ सालको क्रान्ति पूरा भएको छैन भन्दै यसको विरोध गरे । त्यसपछि उनको झुकाब कम्युनिष्ट पार्टीहरुसँग बढ्न थाल्यो । पछि उनी किसान आन्दोलनमा सक्रिय भए । उनले किसानको हकहितको पक्षमा आवाज उठाउन थाले । गरिब किसानले नुन पनि खान नपाएकोले नुन आन्दोलनको घोषणा गरे । कन्चनपुरको ब्रह्मदेवमा वि.सं.२००९ सालमा उनको नेतृत्वमा भएको नुन आन्दोलनपछि 'जय नेपाल जय नेपाल बिगुलको बाजाले, दश शेरको नुन खुलायो भीमदत्त राजाले' भन्दै सर्वसाधारणले गीत गाउँथे भन्ने चर्चा अहिले पनि प्रख्यात छ । उनले डडेल्धुराको धेरै ठाउँमा पाठशाला खोले । उनले डडेल्धुराको शैक्षिक विकास तथा सामाजिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका थिए ।



उनले किसानलाई विद्रोहमा उत्तारेको र २००७ सालको क्रान्तिपूर्ण नभएको भन्दै गरेको विद्रोह तत्कालीन शासकहरुलाई मन परेको थिएन् । उनलाई २०१० साल श्रावण १७ गते पक्राउ गरियो । भोलिपल्ट स्थानीय सामन्तीहरुको मद्दतमा सैनिकद्वारा टाउको काटेर मारियो । उनलाई पक्रिन भारतीय सैनिकको समेत सहयोग लिइएको थियो । उनको टाउको डडेल्धुराको चोकमा झुण्ड्याइको थियो । भीमदत्त पन्तको मृत्युले सुदुरपश्चिम प्रदेश र पूरै देशले एउटा क्रान्तिकारी किसान नेता गुमाउनुपरेको थियो ।

### ग) मैथिल कवि विद्यापति



विद्यापति मैथिली साहित्यका महाकवि हुन् । उनको जन्म वि.सं.१३९७ मा भएको थियो । उनको जन्म प्राचीन मिथिला हाल भारतको विहार राज्यको बिसफी गाउँमा भएको थियो । उनको पिताको नाम गणपति ठाकुर र माताको नाम गाङ्गोदेवी थियो । उनले मिथिला क्षेत्रको भाषा, साहित्य, सङ्गीतको उत्थानमा विशेष योगदान गरेका थिए । मैथिलीबाहेक बङ्गाली साहित्यमा पनि उनको योगदान छ । नेपाली साहित्यमा पनि उनको प्रभाव परेको देखिन्छ । उनलाई कवि कोकिलको रुपमा समेत चिनिन्छ । उनी कवि मात्र नभई, सङ्गीतज्ञ पनि थिए । उनको योगदानले मैथिली सभ्यतालाई उचो बनाएको छ । नेपाल सरकारले उनको नामबाट हुलाक टिकट प्रकाशन गरेको छ । वर्तमानमा पनि उनका सिर्जनाबाट मैथिली साहित्यले विशेष स्थान प्राप्त गरिरहेको छ । उनकै योगदानले मैथिली भाषा र साहित्यलाई विश्वमा चिनाउन सम्भव भएको छ ।



## अभ्यास क्रियाकलाप

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) योगमाया न्यौपानेको जन्म कहाँ भएको थियो ?

.............................................................................................................................................

ख) योगमायाले सामाजिक सुधारका कुन कुन पक्षमा आबाज उठाउनुभएको थियो ?

.............................................................................................................................................

ग) योगमायाको जीवनीबाट तपाईले के प्रेरणा प्राप्त गर्नुभयो ?

.............................................................................................................................................

घ) भीमदत्त पन्तको जन्म कहिले भएको थियो ?

.............................................................................................................................................

ङ) 'भीमदत्त पन्त किसान आन्दोलनका नेता हुन्', यस भनाइलाई पुष्टि गर्नुहोस् ।

.............................................................................................................................................

च) भीमदत्तको जीवनीबाट तपाईंले प्राप्त गर्नुभएका प्रेरणाको सूची तयार पार्नुहोस् ।

.......................................................................................................................................................

छ) विद्यापतिले कुन क्षेत्रमा योगदान पुऱ्याएका थिए ?

.......................................................................................................................................................

ज) हामी आज पनि विद्यापतिलाई सम्झन्छौ ? किन ? कारण उल्लेख गर्नुहोस् ।

.......................................................................................................................................................

**जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| बिसफी | भीमदत्त पन्तको जन्मस्थान |
| जलसमाधि | योगमाया न्यौपानेको नाममा हुलाक टिकट प्रकाशन |
| नुन आन्दोलन | विद्यापतिको जन्मस्थान |
| कवि कोकिल | कन्चनपुरको ब्रह्मदेव |
| डडेलधुरा | विद्यापतिप्रतिको सम्मान |
| वि.सं. २०७२ | योगमाया लगायत ६८ जनाले गरेको संयुक्त विद्रोह |
| | भीमदत्त पन्तले अध्ययन गरेको ठाउँ |



## खोज क्रियाकलाप

३) **तपाईंको प्रदेशमा योगदान पुऱ्याउने महत्त्वपूर्ण ऐतिहासिक व्यक्तित्वहरूको विवरण सङ्कलन गरी स्रोत कक्षामा प्रस्तुत गर्नुहोस् ।**



## अनुभवमा आधारित क्रियाकलाप

- समाजका लागि योगदान पुऱ्याउने व्यक्ति मरेर गए पनि उनीहरुको योगदान सम्झै रहिरहने छ भन्ने प्रेरणा योगमाया न्यौपाने, भीमदत्त पन्त र विद्यापतिको जीवनीबाट हामी पाउन सक्छौं ।
- योगमाया न्यौपानेको जन्म भोजपुर षडानन्द नगरपालिकामा वि.सं. १९२४ सालमा भएको थियो ।
- उनी समाज सुधारको पक्षमा वकालत गर्ने शसक्त नारीयोद्धा थिइन् ।
- उनले समाजमा विद्यमान् जातीय विभेद, महिला हिंसा, सतिप्रथा तथा दासप्रथाको विरोध गरेकी थिइन् ।
- उनले धार्मिक प्रवचन र आध्यात्मिक चेतनामार्फत समाजमा जागरण र चेतना फैलाएकी थिइन् । उनको अभियानलाई तत्कालीन समाज र राणाहरुले मनपराएका थिएनन् । उनी र उनका अनुयायीहरुले स्वधर्म रक्षाका लागी अरूणमा जलसमाधि लिई प्राण त्याग गरेका थिए ।
- भीमदत्त पन्त सुदुरपश्चिमका किसान, गरिब र शोषितपीडित जनताको पक्षमा आबाज बुलन्द गर्ने सशक्त राजनीतिकर्मी एवम् अभियन्ता थिए । उनको जन्म वि.सं.१९८३ सालमा डडेल्धुरामा भएको थियो ।
- उनको जीवनीबाट हामीले अन्यायको विरोध गर्ने, किसान, दलित र गरिबको पक्षमा सङ्घर्ष गर्ने, आबाज विहिनहरुको आबाज बोल्न सक्नुपर्छ भन्ने प्रेरणा प्राप्त गर्न सक्छौं ।
- विद्यापति प्राचीन जनकपुर क्षेत्रका सशक्त कवि र साहित्यकार थिए । उनलाई मैथिली भाषाको आदिकविका रुपमा सम्मान गर्ने गरिएको छ ।
- नेपाली, मैथिली र बङ्गाली साहित्यमा उनको योगदानको प्रभाव परेको छ । मैथिली भाषामा उनका कृतिहरु प्रकाशित छन् । मधेस प्रदेशको मिथिला भाषा, साहित्य र सभ्यताको विकासमा उनको योगदानको सम्झना जुगजुग रहने छ । यस्ता विद्वान्, मूर्धन्य साहित्यकारलाई सधै सम्मान गर्नुपर्दछ ।

## स्वमूल्याङ्कन

**१) तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) प्राकृतिक स्रोतसाधनको परिचय दिई यसको समानुपातिक वितरणका उपायहरु उल्लेख गर्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

ख) कोसी प्रदेशको छोटो चिनारी प्रस्तुत गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

ग) प्रदेशसभाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

घ) प्रदेश कार्यपालिकाको परिचय दिई प्रदेश कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

ङ) 'हाम्रा सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्' यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

..........................................................................................................................................

च) योगमाया न्यौपानेको जीवनीबाट तपाईंले प्राप्त गर्नुभएका प्रेरणाहरु उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

छ) भीमदत पन्तको व्यक्तित्वबाट हामीले सिक्नुपर्ने कुराहरु के के छन् ?

..........................................................................................................................................

..........................................................................................................................................

## ठिक बेठिक छुट्याउनुहोस् ।

क) प्राकृतिक सम्पदा संरक्षणमा सरकारभन्दा स्थानीय जनताको भूमिका बढी महत्त्वपूर्ण हुन्छ ।

ख) इलाम चियाका लागि प्रख्यात छ ।

ग) प्रदेशसभामा प्रत्यक्ष निर्वाचित सदस्य चालिस प्रतिशत हुन्छन् ।

घ) लुम्बिनी प्रदेशको राजधानी बुटवल हो ।

ङ) मधेश प्रदेशमा ८ ओटा जिल्ला पर्दछन् ।

च) योगमाया न्यौपानेले चन्द्र शमशेरलाई सामाजिक कुरीति सुधारका लागि पत्र पठाएकी थिइन् ।

छ) मन्दिर, दरबार आदि अमूर्त सांस्कृतिक सम्पदा हुन् ।

ज) काँकेविहार कर्णाली प्रदेशमा पर्दछ ।

## सही विकल्पमा गोलो घेरा (o) लगाउनुहोस् ।

१) प्राकृतिक सम्पदामा कुन पर्दैन ?

क) नदी ख) वन जङ्गल ग) स्मारक घ) खनिज

२) सुदुर पश्चिम प्रदेशमा कति जिल्ला छन् ?

क) ८ ख) ९ ग) १० घ) ११

३) नुन आन्दोलन कोसँग सम्बन्धित छ ?

क) योगमाया न्यौपाने ख) विद्यापति ग) भीमदत्त पन्त घ) माथिका सबै

४) प्रदेशमा को रहँदैन ?

क) प्रदेश मुख्यमन्त्री ख) प्रदेश सभासद् ग) प्रदेश मन्त्री घ) राष्ट्रपति

५) तलका मध्ये कुन प्रदेशको कार्यक्षेत्रमा पर्दैन ?

क) आधारभूत शिक्षा व्यवस्थापन ख) प्रदेश सडक

ग) प्रदेश विश्वविद्यालय घ) प्रदेश कार्यपालिका

५) एक प्रतिनिधि सभा सदस्य निर्वाचित हुने जिल्लामा कति जना प्रदेश सभासद् निर्वाचित हुन्छन् ?

क) एक ख) दुई ग) तीन घ) चार

६) क्षेत्रफलको आधारमा सबैभन्दा ठुलो प्रदेश कुन हो ?

क) वाग्मती ख) कर्णाली ग) लुम्बिनी घ) कोसी

७) स्रोतको न्यायोचित वितरणले के फाइदा हुन्छ ?

क) सबैले स्रोतसाधनको समान उपयोग गर्न पाउँछन् ।

ख) धनी व्यक्तिलाई स्रोतको उपयोग गर्ने अवसर प्राप्त हुन्छ ।

ग) सहर बजारमा स्रोतसम्पन्न भई सहरमा विकास छिटो हुन्छ ।

घ) माथिका सबै

८) नेपालको राजधानी कुन प्रदेशमा पर्छ

क) वाग्मती ख) कोसी ग) गण्डकी घ) लुम्बिनी

## स्वप्रेरित क्रियाकलाप

नेपालको सांस्कृतिक सम्पदा सम्बन्धमा थप जानकारीका लागि तल दिइएको लिङ्कमा गई खोजी गर्न सकिने छ ।

www.worldheritagesite.org.np

तह

# २

- भाषा र सञ्चार
- व्यावहारिक समस्या र समाधान
- सामाजिक व्यवहार र मूल्यमान्यता
- जीवन, जगत र प्रविधि
- स्वस्थ जीवनशैली र सिर्जनशीलता

**जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो**

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री